जन आकाश

Jana Aakash National Weekly

राष्ट्रिय साप्ताहिक

वर्ष-१२ , अंक- ३८, २०७७ साल असार २ गते मंगलबार (June 16, 2020) www.janaakash.com.np मुल्य रु १०।-



**जन आकाश मिडिया प्रा.लि.बाट प्रशारित**

www.janaakash.com.np

**अनलाइन** सञ्चालन भइरहेको हुँदा तपाइहरुको सल्लाह, सुझाव, व्यवसायिक विज्ञापन आदान प्रदानको लागि विज्ञापन एजेन्सी, कम्पनी, शुभचिन्तक, पाठकवर्ग लगायत महानुभावहरुले निम्न ठेगानामा सम्पर्क गर्न अनुरोध छ ।

जन आकाश युवा कोष स्थापना गर्न लागेको हुनाले उक्त कोषमा रकम जम्मा गरी आफ्नो स्मृतिका नामहरु जोडेर जन आकाशको बार्षिकउत्सवमा पुरस्कार वितरण गर्ने योजना रहेको हुँदा इच्छुक व्यक्ति, संघसंस्थाहरुले सम्पर्क राख्न अनुरोध गरिन्छ ।

सम्पर्क: ४१६७५७८ (बागबजार)

मोबाइल: ९८६१५८८४५६

Email: jana.news2065@gmail.com


# प्रधानमन्त्री ओली विरुद्ध बामदेव गौतम

- ओलीद्वारा बामदेवलाई उपप्रधान तथा अर्थमन्त्री पदको प्रस्ताव ।
- एमसीसी राष्ट्रघाती भन्दै बामदेवले प्रस्ताव लत्याइदिए ।
- नेकपाको बैठक अचानक स्थगित ।

अमेरिकी सहयोगसम्बन्धी मिलेनियम च्यालेन्ज कर्पोरेशन ( एमसीसी) को टुंगो लगाउने भनिएको बैठक अचानक स्थगित भएपछि अनेकन अड्कलवाजी भएको थियो । अन्तिम समयमा अचानक बैठक स्थगित हुनुमा एमसीसीबारे हुनसक्ने चर्काचर्की नै मुख्य कारण देखिएको छ ।

ओलीले सचिवालयबाट कुनै हालतमा एमसीसी पारित गर्ने पक्षमा सहमति नबन्ने देखे । उनलाई ईश्वर पोखरेलको मात्र समर्थन देखियो । महासचिव विष्णु पौडेलको स्पष्ट धारणा देखिदैन । गृहमन्त्री बादलको पनि यसप्रति असन्तुष्टि छ । छ जना विपक्षमा रहेपछि तीनजनाको भरमा केही नलाग्ने भयो । स्थायी कमिटिमा लाँदा पनि पक्षमा बहुमत आउने देखिएको छैन । त्यसैले ओलीले फेरि बामदेवको साथ खोजेका छन् । विश्वस्त स्रोतका अनुसार ओलीले विभिन्न माध्यमले बामदेव गौतमलाई पक्षमा पार्न खोजिरहेका छन् । गौतमको साथ भए एमसीसी संसदबाट सजिलै पारित गर्न सक्ने उनको जोखाना छ । त्यसैले बामदेवलाई साथमा लिन ओलीले हालैमात्र उपप्रधानमन्त्रीसहित अर्थमन्त्री बन्न आग्रह गरेका छन् । सरकारमा लानुअघि राष्ट्रपतिद्वारा राष्ट्रियसभामा मनोनित गर्ने सम्मको प्रस्ताव गरे । प्रतिनिधिसभाबाट चुनाव हारेकाले



संविधान अनुसार गौतम सरकारमा सहभागी हुन पाउँदैनन् । तर, राष्ट्रियसभा सदस्य बनाइए भने सम्भावना छ । सरकारमा दोस्रो वरियताको उपप्रधानमन्त्रीसहितको प्रस्ताव बामदेवले भने लत्याइदिएका छन् । उनले एमसीसी पारित गर्न सघाउन नसकिने स्पष्ट पारेको बुझिएको छ । महाकाली सन्धी राष्ट्रघाती थियो भनी पुष्टि भएको तर्क गर्दै गौतमले एमसीसी पनि त्यस्तै हुने भएकाले कुनै हालतमा सघाउन नसकिने बताएको विश्वस्त स्रोतले बताएको छ ।

आफूले अध्यक्ष बनाउन देखि यसअघि सरकार ढल्न लाग्दा समेत सघाएको स्मरण गराउँदै एमसीसी पारित गर्न लागे सघाउन नसक्ने स्पष्ट पारेका थिए । गौतमले आफूलाई ओलीबाट पटक पटक धोका भएको बुँदागत रुपमै राखेका थिए । गौतमको साथ नपाउने भएपछि ओली नयाँ रणनीतिका साथ अगाडि बढ्ने तयारीमा रहेको बुझिएको छ । एमसीसीकै विषयले सरकारमा कम्पन आउने समेत आँकलन गरिएको छ । एमसीसीमा नेकपाका अध्यक्ष पुष्पकमल दाहाल प्रचण्ड, वरिष्ठ नेताद्वय झलनाथ खनाल र माधवकुमार नेपाल, उपाध्यक्ष बामदेव गौतम, प्रवक्ता नारायणकाजी श्रेष्ठ र रामबहादुर थापा विपक्षमा छन् ।

# कर्णाली प्रदेश सरकारको बजेट ३३ अर्ब ७४ करोड

सुर्खेत । कर्णाली प्रदेश सरकारले आगामी आर्थिक वर्ष २०७७/७८ का लागि रू ३३ अर्ब ७४ करोड बजेट विनियोजन गरेको छ । कर्णाली प्रदेश सरकारका आर्थिक मामिला तथा योजनामन्त्री प्रकाश ज्वालाले प्रदेशसभाको छैटौं अधिवेशनको १२औँ बैठकमा आगामी वर्षका लागि राजश्व र व्ययका वार्षिक अनुमानसहितको उक्त बजेट सोमवार प्रस्तुत गर्नुभएको हो । प्रस्तुत बजेट अनुसार प्रदेश सरकारको आगामी आव २०७७/७८ का लागि रू ३३ अर्ब ७४ करोड १३ लाख ५३ हजार बजेट प्रस्तुत गरिएको छ । जस अनुसार पूँजीगततर्फ रू १९ अर्ब छ करोड ९१ लाख २१ हजार (५७%), चालूतर्फ रू ११ अर्ब ६७ करोड ५७ लाख ३२ हजार (३४%) र वित्तीय हस्तान्तरणतर्फ रू दुई अर्ब, ९९ करोड ६५ लाख (९%) बजेट विनियोजन गरिएको छ । चालू खर्चअन्तर्गत कोभिड(१९ को रोकथाम, नियन्त्रण तथा उपचारका लागि रू ८७ करोड ४१ लाख, रोजगारीका लागि रू दुई अर्ब ५८ करोड २६ लाख र अन्य कार्य तथा प्रशासनिक खर्च रू आठ अर्ब ५१ करोड ९० लाख ३२ हजार रहेको छ । अनुमानित खर्च व्यहोर्ने स्रोतमध्ये आन्तरिक राजश्वबाट रू ३० करोड छ लाख ५३ हजार, चालु आवको खर्च नभई बचत हुने रकम रू ११ अर्ब १९ करोड नौ लाख ८५ हजार, सङ्घीय सरकारबाट राजश्व बाँडफाँडवापत प्राप्त हुन आएको रू सात अर्ब ३९ करोड ५६ लाख, वित्तीय समानीकरणबाट प्राप्त भएको रू नौ अर्ब ६३ करोड २९ लाख र सशर्त अनुदानबाट रू चार अर्ब ४९ करोड ११ लाख परिचालन गरिनेछ ।

नेपाल सरकारको समपुरक अनुदानवापत् रू २५ करोड २५ लाख, विशेष अनुदानवापत् रू ४६ करोड प्राप्त हुने अनुमान गरिएको छ । वैदेशिक अनुदान सहायताबाट सञ्चालित हुने कार्यक्रममा रू एक करोड ७६ लाख १५ हजार स्रोत परिचालन हुने जनाइएको छ । प्रदेश सरकारले विश्वव्यापी महामारीका रूपमा फैलिएको (कोभिड १९ बाट उत्पन्न महामारी, त्यसले सिर्जना गर्ने सम्भावित भोकमरी र समाधानका लागि स्वास्थ्य, कृषि उत्पादन र रोजगारीलाई केन्द्रविन्दु बनाएर बजेट ल्याएको छ ।

# कालापानीमा सशस्त्रको नियमित गस्ती

## पञ्चेश्वर र हिल्सामा बिओपी स्थापना हुँदै

काठमाडौँ । सीमा सुरक्षामा सक्रियता अपनाउँदै सशस्त्र प्रहरी बलले कालापानी क्षेत्रमा नियमित गस्ती गरिरहेको छ । नेपाल, भारत र चीनको त्रिदेशीय नाकासँग जोडिएको सामरिक महत्वको सो क्षेत्रमा राज्यको उपस्थिति बढाउने क्रममा नियमित पैदल गस्ती हुन थालेको हो । दार्चुलाको व्यास गाउँपालिका(१ स्थित छाङ्रु (गागा) सीमा निगरानी चौकी (बिओपी) सञ्चालनमा ल्याइएपछि त्यहाँबाट खटिएका सुरक्षाकर्मीले कालापानीको सेतो पुलसम्म पुगेर नियमित गस्ती गर्न थालेका हुन् । छाङ्रुबाट कालापानी १४ किलोमिटरको दूरीमा पर्छ ।

दार्चुला सदरमुकाम खलङ्गाबाट छाङ्रु करीब ८० किमी र छाङरुबाट गुञ्जी दोभान १० किमीको दूरीमा पर्छ । गुञ्जीबाट लिपुलेक १७ किमी टाढा छ । कालापनीबाट लिम्पुयाधुरा पुग्न सडक बाटो नभएकाले हिँडेर जान १० घन्टासम्म लाग्छ । सरकारले भारतीय अतिक्रमणमा परेको कालापनी, लिपुलेक र लिम्पियाधुरा समेतको भूमिलाई समेटेर नयाँ राजनीतिक नक्शा जारी गरिसकेको छ । सो नक्शालाई समेटेर बनाइएको निसान छापलाई प्रतिनिधिसभाको गत जेठ ३१ गतेको बैठकले नेपालको संविधानको अनुसूचीमा संशोधनको विधेयकलाई सर्वसम्मतरुपमा पारित गरेको छ ।

सो क्षेत्रमा भारतीय सुरक्षा फौज बसिरहेको तथा लिपुलेक र लिम्पुयाधुरा क्षेत्रमा यातायात सहज नभएकाले सरकारले क्रमशः राज्यको उपस्थिति बढाउन थालेको हो । नेपाल र भारत बीचको सुगौली सन्धि बमोजिम कालीनदीदेखि पूर्वतर्फ नेपाल हो ।

सशस्त्र प्रहरी बलका महानिरीक्षक शैलेन्द्र खनालले राससससँगको विशेष कुराकानीमा छाङ्रुमा बिओपी सञ्चालनमा आएपछि त्यहाँका जनता खुशी भएको, उनीहरुले सुरक्षित महसुश गरेको र दार्चुला सदरमुकाम बस्दै आएका मानिसहरु गाउँ फर्कन थालेको बताउनुभयो । उहाँले भन्नुभयो, "सीमालाई सुरक्षित र व्यवस्थित बनाउनेतर्फ हामी अग्रसर भएका छौँ । बिओपीहरुको विस्तारले सीमामा हामीलाई बढीभन्दा बढी उपस्थिति गराउन मद्धत पुग्नेछ ।"

भारतले महाकाली नदी किनार किनारै सडक बनाएर गुञ्जीबाट कालापानी, हुँदै लिपुभञ्जाङसम्म पुऱ्याएपछि नेपालले कूटनीतिक नोटमार्फत गम्भीर असहमति जनाइ सकेको छ । चीनको मानसरोवर जोड्न भारतले नेपाल भूमि हुँदै सडक बनाएको थियो ।


बजेट विनियोजनपछि छाङ्रुमा सशस्त्र प्रहरी बल नेपालले भवन निर्माण प्रक्रिया शुरु गरिसकेको छ । सरकारले भावन निर्माणका लागि रु ११ करोड बजेट छुट्याइसकेको छ । गत वैशाख ३१ गते नेपाली सेनाको हेलिकोप्टरमार्फत यहाँ २५ सशस्त्र प्रहरी पुऱ्याएर बिओपी स्थापना गरिएको थियो । गत मङ्सिर २३ गते सरकारले बाँकी ८ पृष्ठमा

# बन्दाबन्दी खुकुलोसँगै सरकारी कार्यालयमा भीड

काठमाडौँ । सरकारले आजबाट सरकारी कार्यालय खुलाउने निर्णय गरेसँगै अधिकांश कार्यालयमा सेवाग्राहीको भीड लाग्न थालेको छ । यससँगै सडकमा पनि सवारी चाप बढेको छ । सरकारले कोभिड १९ जोखिमबाट बचाउनका लागि गत चैत ११ गतेदेखि गरेको बन्दाबन्दीपछि आजबाट धेरै कार्यालयहरू खुलाउने निर्णय गरेको थियो । सरकारी तथा गैरसरकारी संस्थाका कार्यालयहरू आजदेखि पूर्ण रूपमा खुलेका छन् ।

कार्यालय खुले पनि भीडभाड नगरी सामाजिक दुरी कायम गरेर काम गनुपर्ने सरकारको निर्णयअनुसार आलोपालो प्रणालीमा काम शुरू भएको छ । सर्वोच्च अदालतसहित देशभरका अदालतमा बन्दाबन्दीको समयमा माहामारीसम्बन्धी र बन्दीका मुद्दा हेरिए पनि अहिले केही सेवा विस्तार गरिएको छ । सर्वोच्च अदालतका प्रवक्ता देवेन्द्र ढकालका अनुसार बन्दाबन्दी पूर्णरूपमा नखुलेकाले कर्मचारीको आलोपालो प्रणालीबाट काम शुरू भएको छ । प्रवक्ता ढकालले भन्नुभयो, "कोरोना भाइरसको जोखिम पूर्ण रूपमा कम नभएकाले सावधानी अपनाएर काम गरिनेछ ।"

बैंक तथा वित्तीय संस्था, सहकारी र बीमा सेवा पनि खुलेका छन् । काठमाडौँ उपत्यकाका टोलटोलका अधिकाशं सहकारी संस्था आजदेखि सञ्चालनमा आएका छन् । संस्था खुले पनि सेवाग्राही भने फाटफुट मात्रै आएका सहकारी सञ्चालकले बताएका छन् । वाणिज्य बैंक र विकास बैंक शाखाहरूमा भने आज सेवा लिन चाहने सेवाग्राहीको भीड देखिन्थ्यो । सरकारले आजदेखि सरकारी कार्यालयका साथै शिक्षण संस्थाका कार्यालय (प्रशासनिक काम मात्र हुने तर पठनपाठन नहुने), गैरसरकारी तथा निजी क्षेत्रका कार्यालय खुल्ने निर्णय गरेको थियो । सार्वजनिक तथा जोर-बिजोर प्रणालीमा सञ्चालन हुने गरी निजी सेवा प्रदायक कार्यालयका श्रमिक तथा कर्मचारी ओसारपसार गर्न प्रयोग गरिने सवारीसाधनको सिटको एक लहरमा एक जना मात्र यात्रु राख्ने, अनिवार्य मास्क लगाउने, स्यानिटाइजरको व्यवस्था मिलाउने, सवारी साधानलाई दैनिक निसङ्क्रमित गर्ने निर्णय सरकारले बाँकी ८ पृष्ठमा

'मान्छे कसैले पनि कर्म लिएर आएको हुँदैन । सृजना गरेमात्र भाग्य, रुप सुन्दर हुन्छ ।'– *मोहन कार्की*

## सम्पादकीय

# पर्यटन ऐनमा नयाँ सुझाव

नयाँ बन्ने पर्यटन ऐनमा पर्वतारोहणका विषयलाई समेट्न आरोहीले सुझाएका छन् । आरोही सङ्घका अध्यक्ष माया शेर्पासहितको प्रतिनिधिमण्डलले आज संस्कृति, पर्यटन तथा नागरिक उडड्यनमन्त्री योगेशकुमार भट्टराईलाई सिंहदरबारमा भेट गरी आरोहीका सवाललाई नयाँ ऐनमा समावेश गर्न आग्रह गरेको हो । सङ्घले ऐनमा आरोही र हिमालका थप विषय समेट्न लिखितरुपमा सुझाव दिएको छ ।

पुरानो पर्यटन ऐन २०३५ समय सान्दर्भिक नभएको भन्दै सरकारले चार दशकपछि नयाँ पर्यटन ऐन ल्याउने तयारी गरेको छ । पर्यटनमन्त्रालयरे सरोकारवालासँग चरणबद्ध छलफल गरिरहेको हो । सगरमाथा आरोहीलाई राष्ट्रिय परिचयपत्रको व्यवस्था गर्नुपर्ने, आरोहीलाई स्वरोजगार तथा सरल सहुलियतमा रु २५ लाखसम्म ऋण दिने व्यवस्था गरिदिनुपर्नेलगायत माग राखिएको छ । आरोहीको सुझावपत्र ग्रहण गर्दै पर्यटनमन्त्री भट्टराईले आरोहीको सरोकारका विषयमा आफू सकारात्मक रहेको भन्दै ऐनमा छुटेका विषयलाई सम्बोधन गरिने बताउनुभयो । उहाँले संसद्मा संशोधन प्रस्ताव राखेर पनि छुटेका विषयलाई समावेश गर्न सकिने धारणा राख्नुभयो ।

सङ्घका अध्यक्ष शेर्पाले कर्मचारीको मनोमानीमा आरोहण प्रक्रिया सञ्चालन हुने भएकाले कर्मचारी, आरोही, आरोहणदलका सदस्य, आरोहण आयोजना गर्ने कम्पनीलगायत सबैको हितमा रहने गरी कानून आउनेपर्ने बताउनुभयो । उहाँले हिमाल आरोहणको बाटो बनाउने र डोरी टाँग्नेदेखि सम्पर्क अधिकृतको व्यवस्था व्यावहारिक नभएको भन्दै ऐनमा स्पष्टरुपमा समेट्नुपर्ने माग गर्नुभयो ।

सङ्घले हिमालमा दुर्घटनाको दर बढेको र फोहर व्यवस्थापन हुन नसकेको भन्दै सगरमाथा आरोहणमा जाँदा कम्तीमा छ हजार मिटरमाथिका तीन वटा हिमाल अनिवार्य आरोहण गरेकालाई मात्र अनुमति दिनुपर्ने सुझाव दिएको छ । सुरक्षित आरोहण र अन्य हिमालको प्रवर्द्धन र राजश्व सङ्कलनमा सङ्घको सहयोग रहने विश्वास व्यक्त गरेको छ । सम्पर्क अधिकृत खटाइँदा यसअघि दिइएका सुझावअनुसार प्रशासन, डाक्टर, लेखा कर्मचारी, आरोही, गाइड, सुरक्षाकर्मीसमेत रहनेगरी आरोहण समयभर हिमालमै बस्ने गरी खटाउने व्यवस्था गर्नुपर्ने सुझाइएको छ । सुझावपत्रमा ५० वर्ष उमेर काटेका आरोहीलाई मासिकरुपमा राहतस्वरुप भत्ता उपलब्ध गराउनुपर्ने, आरोहीको जीवन बीमा कम्तीमा रु ३० लाखको हुनुपर्ने, हिमालको उचाइअनुसार श्रमिकको पारिश्रमिक तोक्नुपर्नेलगायत माग राखिएको छ ।

अन्तरराष्ट्रिय वायुसेवा कम्पनी एयर अरेबियाले तोकिएको भाडादरभन्दा बढी भाडा लिएर नेपाल आउन खोजेपछि संस्कृति पर्यटन तथा नागरिक उड्डयन मन्त्रालयले उडान रोकिदिएको छ । अरेबियाले दुबई(काठमाडौँका लागि ५०० डलर लिएर उडान गर्ने प्रस्ताव लिएर मन्त्रालयमा आएपछि पर्यटनमन्त्री योगेश भट्टराईले नेपाल एयरलाइन्सको भन्दा महङ्गो भएको भन्दै उक्त प्रस्ताव अस्वीकार गर्नुभएको हो ।

मन्त्री भट्टराईले नेपालीको उद्धारका लागि नेपाल एयरलाइन्सले सामाजिक उत्तरदायित्व निर्वाह गर्दै सस्तोमा पनि उडान भर्न तयार भएको बताउँदै नेपाल एयलाइन्सको भन्दा सस्तोमा जुनसुकै एयरले पनि नेपालीलाई उद्धार गर्नमा कुनै रोकतोक नभएको बताउनुभयो । नेपाल एयरलाइन्सको दुबई काठमाडौँको भाडादर भने ३६० डलर कायम गरिएको छ । एयर अरवियाले भने जुन ५ मा १६८ जना र एक जना बच्चालाई ५०० डलरमा दुवईबाट काठमाडौँ लिएर आएको थियो । पर्यटन मन्त्रालयले यसअघि पनि सरोकारवाला वायुसेवा कम्पनीसँग छलफल गरेको थियो । नेपाल एयरलाइन्स र हिमालय एयरलाइन्सले मन्त्रालयको प्रस्तावित भाडादरअनुरुप उडान गर्न सहमत भएका थिए ।

# संविधान संशोधनपछिको सकस : कहिले होला भारतसाग वार्ता ?

**मात्रिका पौडेल**

प्रतिनिधिसभाबाट संविधान संशोधन विधेयक सर्वसम्मतिले पारित भएलगत्तै प्रधानमन्त्री केपी शर्मा ओलीले दिएको 'अब वार्ता हुन्छ' भन्ने प्रतिक्रिया र त्यसको केहीबेरमै भारतीय विदेश मन्त्रालयले जारी गरेको वार्ताका समाधान खोज्ने समझदारीको उल्लंघन भयो भन्ने भावको विज्ञप्तिले केही समय दुई देशबीच संवादहीनता कायमै रहने प्रष्ट बुझ्न सकिन्छ । प्रधानमन्त्री ओलीले 'अब भारतसँग वार्ता हुन्छ' भन्नु र भारतीय विदेश मन्त्रालयका प्रवक्ताले 'सीमासम्बन्धी विवादलाई वार्ताद्वारा सुल्झाउने समझदारीको उल्लंघन' भएको प्रतिक्रिया दिनुको निकै ठूलो अर्थ छ । यसमा भित्र धेरै जानुपर्दैन । संविधान संशोधन रोक्ने उद्देश्यको वार्ता नेपालले चाहेन, अब भारत वार्तामा बस्न चाहँदैन ।

संविधान संशोधनपछि परराष्ट्र मन्त्रालय र काठमाडौँस्थित भारतीय दूतावासमा अधिकारीहरूसँग हामीले गरेका अलगअलग अनौपचारिक कुराकानीबाट के प्रष्ट बुझ्न सकिन्छ भने यो मामिलामा नेपाल–भारत वार्ताको सम्भावना तत्कालका लागि निकै पर धकेलिएको छ । अब यो विषयको वार्ता भारतको प्राथमिकतामा केही समय रहने छैन । गत नोभेम्बरमा एकतर्फी रूपमा नेपाली भूमिसहितको नक्सा जारी गरेर भारतले नेपाललाई कालापानी क्षेत्रका बारेमा कडा प्रतिक्रिया दिन बाध्य पारेको हो । यही विन्दूबाटै सरकारमाथि लिम्पियाधुरासम्मको भूभाग समेटेर नयाँ नक्सा जारी गर्न दबाव परिरहेकै थियो । भारत त्यतिबैले नेपालको आग्रहबमोजिम वार्तामा बसेको भए कोर्ष अन्यत्र जान सक्थ्यो ।

नेपालले नोभेम्बरमै प्रस्ताव गरेको सचिवस्तरीय वार्ता टारेर भारतले कोभिड १९ महामारीकै बीच लिपुलेक सडक उदघाटन गरेपछि नेपालसँग आफ्ना नक्सा जारी गरेर अतिक्रमित भूभाग फिर्ता ल्याउने प्रक्रिया थाल्नुको विकल्प नेपालसँग रहेन । त्यसैले सरकारले फागुनमै तयार भए पनि वार्ताको पर्खाइमा रोकिएको नक्सा सार्वजनिक गरेर संविधान संशोधनमार्फत निशानछाप परिवर्तन गर्‍यो ।

जतिबेला नेपालले वार्ता चाहेको थियो, त्यतिबेला भारतले पछि सार्दै गयो । अब नेपालले वार्ताका लागि अवस्था परिपक्व बनेको निष्कर्ष निकालेका बेला भारतले वार्ता टार्दै जाने संकेत देखिएको छ । कालापानी क्षेत्रको विषयलाई लिएर अब नेपालसँग वार्ता गर्नुपर्दैन भन्ने अतिवादी मत भारतमा कति हाबी हुन्छ ? त्यसले पनि वार्ताको भविश्यलाई प्रभाव पार्ला ।

वार्ताभित्रको अन्तरकथा

भारतले एकतर्फी नक्सा जारी गरेपछि नेपालमा विरोध भयो । परराष्ट्र मन्त्रालयले विज्ञप्ति निकालेर नक्सा भारतले जारी गरेको नक्सा अश्वीकार्य भन्यो र सचिवस्तरीय वार्ताको प्रस्ताव राख्यो । भारतले खण्डन वक्तव्य निकाल्ने बाहेक वार्ताको पहल गरेन ।

नेपालले यसबीचमा नोभेम्बर र जनवरीमा गरेर दुईपटक औपचारिक पत्रनै पठायो वार्ताका लागि । तर, भारतले विदेश सचिवमा नयाँ व्यक्ति आएको र विषय बुझ्न समय लाग्ने भन्दै वार्ता टार्‍यो । यसैबीचमा कोभिड १९ महामारी दुवै देशमा फैलिएर लकडाउनको अवस्था आएपछि सचिवस्तरीय वार्ताको कुरा हरायो ।

यसबीचमा प्रधानमन्त्री ओली र भारतीय समकक्षी नरेन्द्र मोदीबीच टेलिफोन वार्ता भयो । यद्यपि टेलिफोन संवाद कोभिड १९ महामारीविरूद्ध संयुक्तरूपमा लड्ने र दुवै देशका नागरिक जो जहाँ छन्, उनीहरूको जिम्मेवारी सम्बन्धित देशले नै लिने विषयमा केन्द्रित थियो । भारतले एकातिर प्रधानमन्त्री तहमा भएको कुराकानी विपरीत रातारात हजारौं नेपाली कामदारलाई रेल, गाडी र ट्रकमा कोचेर सीमा क्षेत्रमा ल्याएर छाडिदियो । जसका कारण नेपाली नागरिकले ठूलो हण्डर खानुपर्‍यो भने नेपालले व्यवस्थापन गर्नै कठिनाइ हुने गरी नागरिक भित्र्याउनुपरेपछि कोरोना संक्रमण ह्वात्तै बढ्यो । वास्तवमा असल छिमेकीको व्यवहार त्यो थिएन ।

रातारात नेपाली नागरिकलाई सीमा क्षेत्रमा अलपत्र छाडेको भारतले यहीबीचमा नेपाललाई चिढ्याउने गरी लिपुलेक सडक उदघाटन गर्‍यो । कालापानी क्षेत्रकै विषयमा नेपालको वार्ता प्रस्ताव टारिरहेको भारतले सोही क्षेत्रमा विवादित भूमिमा सडक उदघाटन गर्नु संयोगमात्र थियो भन्न सकिन्न । नेपालले सडक उदघाटनप्रति कडा शब्दमा आपत्तिमात्र जनाएन, भारतीय राजदूतलाई बोलाएर परराष्ट्र सचिवले कूटनीतिक नोट थमाए । सत्तारूढ नेकपाको तर्फबाट प्रधानमन्त्रीसमेत रहेका अध्यक्ष ओली र अर्का अध्यक्ष प्रचण्डले भारतको उक्त कदमको भर्त्सना गर्दै तत्काल बाटो खन्ने काम बन्द गर्न चेतावनी दिए । नेपालमा ठूलो विरोध भएर नक्सा जारी गर्ने प्रक्रिया शुरू भएपछि भारतले वार्ताको 'एप्रोच' गरेको थियो । दुवै देशका प्रधानमन्त्री तहमा हुने भनिएको टेलिफोन संवाद अन्तिम समयमा भारतकै तर्फबाट स्थगित गरिएको बालुवाटार स्रोतले पनि पुष्टि गरेको छ । त्योबाहेक भारतले कुनै पनि वार्ता प्रस्ताव यसबीचमा नल्याएको परराष्ट्रका अधिकारीहरू बताउँछन् ।

कतिपय भारतीय मिडियाले सचिवस्तरीय भिडियो वार्ता र लकडाउन सहज हुनासाथ नेपालका परराष्ट्र सचिवलाई दिल्लीमा बोलाएर सीमा समस्यामा छलफल गर्ने भनिएकै बेला नेपालले संविधान संशोधन गरेर वार्ताको ढोका बन्द गरेको भनिरहेका छन् । तर, प्रधानमन्त्रीनिकट स्रोतले भने टेलिफोन संवाद उतैबाट रद्द गरेबाहेक अरू वार्ताको प्रस्ताव यसबीचमा नआएको दाबी गरेको छ ।

प्रधानमन्त्रीले भनेजस्तै अब भारतसँग वार्ता गर्न सरकारले कूटनीतिक, राजनीतिक सबै च्यानलबाट पहल गर्नुपर्छ । तत्कालै भारत वार्तामा आउँदैन । तर, पनि नेपालले संयमित ढंगले पहल जारी राख्नुर्छ । भारतमै पनि वार्ताका लागि दबाव दिने राजनीतिक र कूटनीतिक व्यक्तित्वहरू छन् । उनीहरूमार्फत पनि वार्ताको दबाब बढाइरहनुपर्छ ।

नेपालले लामो समयदेखि अतिक्रमणमा परेको र नक्सामा समेत छुटेको भूभाग समेटेर संविधान संशोधनमार्फत नै आफ्नो भूभाग सुनिश्चित गरेको छ । अब भारतको कब्जामा रहेको भूमि फिर्ता ल्याउने जटिल तर अनिवार्य चरणमा मुलुक प्रवेश गरेको छ । नक्सामा कायम भएको राष्ट्रिय एकता भूमि फिर्ता ल्याउन अझ बलियो बनाउनुपर्छ ।

प्रधानमन्त्रीले नक्सामात्र होइन, भूमि फिर्ता ल्याउने र कालापानीबाट भारतीय सेनालाई हटाउने राष्ट्रिय संकल्प गरिसकेका छन् । अब नेपालले भारतसँग वार्ताको पहल गरिरहने र वार्तामा बस्दा जमिन र सेना फिर्ता गर्ने सबै प्रमाण,आधार र ऐतिहासिक अभिलेखहरू दुरूस्त बनाएर राख्नुपर्छ । यो निकै लामो र चुनौतिपूर्ण प्रक्रिया भए पनि यसबाट मुलुक पछि हट्न सक्दैन । हामीले भारतले अतिक्रमण गरेको भूमि फिर्ता ल्याउने भनेको वार्ताबाटै हो । वार्ता बाहेक अरू विकल्प छैनन् । कतिपयले अन्तर्राष्ट्रियकरणको कुरा पनि गरेका छन् । तर, अन्तर्राष्ट्रियकरण भएका सीमा विवादहरू अपवादबाहेक कुनै पनि समाधान भएका छैनन् ।

नेपालको पक्षबाट राजनीतिक तहबाटै संवादको कडी जोड्ने प्रयास भइरहेको छ । संविधान संशोधनपछि भारतसँग संवादको कडी जोड्न सूत्रहरू परिचालन पनि होलान् । तर, अहिले दुबै देश कोभिड महामारी विरूद्धको तीब्र लडाइमा रहेकाले र भारत भड्किएला यही विषयमा वार्ता भने केही समय नहुने निश्चित छ ।

विगतमा देशभित्रकै शक्ति विभाजित हुने गरेकोमा अब नेपालमा नयाँ राष्ट्रिय एकता कायम भएको अवस्थामा भारतले ढिलोचाँडो वार्तामा बस्नैपर्ने छ

भारतीय पक्षको बुझाइ : दिल्ली किन रिसायो ?

हामीसँगको सम्पर्कमा आएका एक भारतीय कूटनीतिज्ञले तत्काल वार्ताको सम्भावना टरेको बताए । उनले आगामी केही दिन (उनकै भाषामा) 'टफ' हुन सक्ने प्रतिक्रिया दिए । यसलाई उनले आइतवार जारी भएको विदेश मन्त्रालयका प्रवक्ताको विज्ञप्तिकै विस्तारितरूपमा बुझ्न उनले आग्रह गरे । 'टफ'को अर्थ नाकाबन्दीजस्ता घटनाक्रमका रूपमा नबुझ्न उनले आग्रह गरे । यद्यपि भारतीय मन्त्री तथा भाजपाका पूर्वअध्यक्ष नितिन गड्करीले नेपालसँग सानातिना समस्या आए पनि दाजुभाइको सम्बन्ध रहेकाले वार्ताबाटै समाधान हुने सार्वजनिक प्रतिक्रिया दिएका छन् ।

आखिर भारतले नेपालको वार्ता प्रस्तावमा किन आलटाल गर्दै आयो ? हामीले भारतीय पक्षको दाबीअनुसार उसले वार्तामा आलटाल गरेको होइन । नेपालले वार्ताको पत्राचार गर्दा विदेश सचिव अवकाश भएर नयाँ आउँदै थिए । राजदूत पनि नयाँ आएका थिए । दूतावास स्रोत भन्छ– मार्च अप्रिलसम्म सचिवस्तरीय वार्ता गर्नेभन्दा भन्दै कोभिड महामारीले दुवै देशलाई गाँज्यो । यसबीचमा पनि नेपाल र भारतबीच अनौपचारिक संवादहरू भइरहेका थिए । प्रधानमन्त्री तहमै टेलिफोन संवादको समय तय भइसकेका बेला अचानक मन्त्री पद्मा अर्यालले नक्सा सार्वजनिक गरेपछि टेलिफोन वार्ता रद्द भएको भारतीय पक्षको तर्क छ । यसबीचमा लडकाउन सकिएलगत्तै सचिवस्तरीय वार्ता गर्ने भनेर नेपाललाई तत्काल संविधान संशोधन विधेयक संसदबाट पारित नगर्न भारतले अनौपचारिक आग्रह गरेको तर, नेपाल फास्ट ट्र्याकमा गएको भारतीय पक्षको गुनासो छ ।

त्यसो त भारतको नेपालसँग चित्त दुःखाइ अलि पहिलेदेखि नै रहेछ । केपी ओली दोस्रोपटक प्रधानमन्त्री भएलगत्तै पाकिस्तानका तत्कालीन प्रधानमन्त्री शाहीद खकान अब्बासी काठमाडौं आएको कुरालाई भारतले त्यतिबेलै गम्भीररूपमा लिएको भारतीय अधिकारी बताउँछन् । अब्बासी ओलीले दोस्रोपटक प्रधानमन्त्री भएपछि भेटेका पहिलो विदेशी उच्चस्तरीय पाहुना थिए । भारतीय अधिकारीहरूका अनुसार सार्क अध्यक्ष नेपाल र आयोजक पाकिस्तानको हिसाबले अब्बासी काठमाडौं आएका थिएनन् । पाकिस्तानसँग अरू कुनै राजनीतिक, ब्यापारिक र सीमा सम्बन्ध नभएको नेपालले अब्बासीलाई ओलीले आफ्नो पहिलो पाहुना बनाएदेखि नै भारत सशंकित भएको ती अधिकारीको गुनासो छ । त्यसको असर कश्मिर प्रकरणमा प्रष्टै देखिएको उनीहरूको दाबी छ । जब नरेन्द्र मोदी दोस्रोपटक भारतको प्रधानमन्त्री निर्वाचित भए । भारतले कश्मिर सन्दर्भमा संविधान संशोधन गरी कश्मिरलाई विशेष राज्यको मान्यता खारेज गर्‍यो । त्यसपछि भारत र पाकिस्तानबीच तनाव सिर्जना भयो । त्यसबेला नेपालले भारत–पाक तनावका बीच जारी गरेको वक्तव्यले पनि 'दिल्लीको दिल नराम्ररी दुःखाएको' भारतीय कूटनीतिक अधिकारी बताउँछन् ।

कश्मिर मामिलामा नेपालले भारत र पाकिस्तानलाई बराबरीको व्यवहार गर्नुले आजसम्म नेपाल र भारतबीचको सदियौंदेखिको विशेष सम्बन्धमा घाउ लागेको भारतीय पक्षको गुनासो छ । यसको अर्थ, भारत कश्मिर मामिलामा नेपाल आफूसँगै होस वा नबोलोस् भन्ने चाहान्थ्यो ।

भारतले नेपाली भूमि मिचेर बनाएको सडक ।

सम्बन्ध बिग्रने चिन्ता

नेपाल र भारतबीचको सम्बन्ध राजनीति र कूटनीतिमा मात्र सीमित छैन । यी दुई देशबीचको सम्बन्धमा बलियो आधार भनेका जनता हुन् । अहिलेसम्म भारतको राजनीतिक नेतृत्व तथा कूटनीतिज्ञहरूलाई नेपाल मामिलामा उदार बन्न त्यहाँका जनताको दबाव हुने गर्थ्यो । यसपटक नक्सा प्रकरणपछि भारतीय मिडिया विशेष गरी टेलिभिजनहरूले भारतीय जनतामा नेपालप्रति नकारात्मक सन्देश प्रवाह गरिरहेको बुझाइमा कहीँ न कहीँ सत्यता छ । अहिलेसम्म कहिल्यै नदेखिएको नेपालविरोधी भावना पहिलो पटक भारतका एक तप्काका जनतामा देखिनु राम्रो संकेत नभएको भारतीय अधिकारीहरू बताउँछन् । यसले नेपालप्रति कठोर बन्नुपर्छ भन्ने कतिपय भारतीय एजेन्सीहरूलाई बल पुग्न सक्छ । हुन त भारतका बरिष्ठ मन्त्री तथा सत्तारूढ भाजपाका पूर्वअध्यक्ष नितिन गडकरीले सोमबार मात्रै पनि नेपालसँग भारतको विशेष सम्बन्ध रहेको र संवाद हुने बताएका छन् । भारतका सेनाध्यक्षले पनि आफ्नो पहिलेको वयान सच्याएका छन्, तर, पनि तत्काल भारत यस विषयमा वार्ता गर्न तयार देखिएको छैन ।

पटक–पटक भारतसँगका द्वीपक्षीय वार्तामा बसेका कूटनीतिज्ञहरूका अनुसार कालापानी क्षेत्रलाई सुरक्षा रणनीतिसँग जोडेर भारत जहिले पनि त्यसबाट उम्किने गरेको छ । लिपुलेकलाई त्रिदेशीय बिन्दू मानेर कालापानी खाली गर्नसमेत भारत तयार नभएको अवस्थामा नेपालका लागि यो नक्सा बाध्यता थियो । कतिपय भारतीय बुद्धिजीवीले नेपालसँग नक्सा भए पनि भारतसँग जमिन भएकाले अब यसबारेमा भारतले वार्ता गरिरहनु नपर्नेसम्मका उत्तेजक अभिव्यक्ति दिइरहेका छन् । नेपालको नक्सालाई उनीहरूले पाकिस्तानले कश्मिर र चीनले आक्साइ चीन दाबी गरेजस्तै भन्नसम्म भ्याएका छन् ।

तर, नेपालले अब अभिव्यक्तिबाट होइन, वार्ताबाट भारतलाई हाम्रो जमिन फिर्ता गर्न सहमत गराउने विभिन्न चरणहरूबाट गुज्रिनुपर्छ । नक्साले एउटा चरण पूरा गरेको छ । लिपुलेकमा सम्भवतः चीनले नेपालको मर्म बुझेर नेपालविनाको कुनै पनि गतिविधि गर्न दिने छैन । र, अब भारत वार्ताबाट लामो समय भाग्न सक्दैन । विगतमा देशभित्रकै शक्ति विभाजित हुने गरेकोमा अब नेपालमा नयाँ राष्ट्रिय एकता कायम भएको अवस्थामा भारतले ढिलोचाँडो वार्तामा बस्नैपर्ने छ । यद्यपि नक्सामा रहेको नेपाली भूमि हकभोगमै फिर्ता ल्याउने प्रक्रियामा हामीले अझै धेरै चरणबाट गुज्रिनुपर्ने छ । तर, अब नेपालभित्र लिम्पियाधुरासम्मको भूभाग फिर्ता ल्याउने संकल्पलाई राजनीतिक लाभको मुद्दाका रूपमा कसैले पनि प्रयोग नगरून् । यो नेपालको राष्ट्रिय संकल्प बनिसकेको छ । अनलाइनखबर

# नक्सा जारी गर्दा नेपाल र भारत दुवैको कुटनीतिक विफलता देखियो



## दीपकुमार उपाध्याय
## भारतका लागि पूर्व राजदुत

भारतका लागि पूर्व राजदुत दिपकुमार उपाध्यायले नेपाल र भारतबीच देश देशको मात्र नभई जनता जनताबीचको पनि सम्बन्ध रहेको बताएका छन् । उनले सिमा विवाद कुटनीतिक माध्यमले समाधान गर्नुपर्नेमा जोड दिएका छन् । तर, भारतले एकपछि अर्को गरी चालेको कदमले नेपालसँगको सम्बन्धमा समस्याहरू आइरहेको बताएका छन् । यीनै सेरोफेरोमा नेपाली काँग्रेसका नेता समेत रहेका उपाध्यायसँग ऋषि धमलाले गरेको कुराकानीः

**अब नेपालले भारतसँग कसरी वार्ता गर्ने ?**

भारत र नेपालको सम्बन्ध भनेको सरकारबीचको व्यक्ति, पार्टी विशेषको नभएर जनस्तरको छ । इतिहास, संस्कृति र सभ्यताको विरासत छ । त्यसकारण भारतलाई पनि वाध्यता छ र नेपाललाई पनि वाध्यता छ । त्यही ग्राउन्डमा यसलाई मिलाउनु पर्छ । हामीले नक्सा जारी गर्दा नेपाल र भारत दुवैको कुटनीतिक विफलता भएको देखिन्छ ।

**नक्सा जारी गर्दा नेपाल र भारतको कुटनीतिक विफलता कसरी भयो ?**

यो विषयलाई यहाँसम्म पुग्न दिनुहुँदैन थियो । किन भने लिपुलेक, लिम्पियाधुरा, कालापानी र सुस्ता विवादित क्षेत्र हो भनेर भारतले पटक–पटक स्वीकारेको हो । उनीहरूले नक्सा जारी गर्दासम्म त एउटा भन्ने बाटो थियो । हामीले तपाईंहरूको नक्सा जस्ताको जस्तै निकालेका हौं त्यसमा कुनै पनि तलमाथि गरेनौं । काश्मिर र लद्दाकको मामलामा नयाँ नक्सा बनाउँदा हामीले त्यो गरेका हौं भन्ने एउटा बहाना थियो । तर, पछि गएर बाटो पनि बन्दबन्दीको बेलामा उदघाटन गरे त्यो अर्घेल्याईं भारत हो । वार्तामा नेपालको अधुरोपन देखिन्छ, त्यसमा भारतको पनि कुटनीतिक विफलता हो । अब यसमा भारतका प्रधानमन्त्री मोदीजीले एकपटक पुनःविचार गर्नुपर्छ । र, नेपालसँगको भुगोलको सम्बन्ध अरू देशसँगको जस्तो होइन । यो कुरा मोदीजीले राम्रो बुझ्नुभएको छ ।

**भारतमा त ब्यूरोक्रेसी हावी छ नि मोदीजीले चाहेर मात्रै कुटनीतिक वार्ता गर्न त्यहाँको ब्युरोक्रेसीले दिन्छ ?**

होइन उहाँले त्यसमा इच्छा शक्ति देखाउनुपर्छ । त्यो कुरा पटक–पटक देखाएको छ । म त दुई वर्ष गाह्रो बेलामा बसेको छु । ६ महिनाको अन्तरालमा दुई पटक नेपालको तर्फबाट सेवा गर्ने अवसर पाएँ । भारतमा हामीकोमा जस्तो होइन, दुईवटा विचार छ । उनीहरूको परराष्ट्र नीति, देशको सुरक्षा नीति भनेको एउटा पार्टी, एउटा सरकारले गर्न गाह्रो हुन्छ । त्यसलाई परिचालन गर्ने, निर्णय गर्ने काम सरकारले गर्छ । तर, त्यहाँको राष्ट्रिय नीतिभन्दा बाहिर जान गाह्रो हुन्छ । प्रधानमन्त्री मोदीलाई पनि एउटा दबाब थियो । नेपालसँगको भारतको सम्बन्ध त त्यति राम्रो होइन नि । राजनीतिक तहको सम्बन्ध भयो भने त्यसको श्रेय मोदीजीलाई जान्छ । सत्तामा मोदीजी आएपछि बल्ला राजनीतिक तहमा सम्बन्ध बढ्यो । उहाँ आफूले पनि नेपाल भ्रमण गर्नुभयो । मन्त्रीहरूलाई पनि धेरै चोटी पठाउनुभयो । त्यसले राजनीतिक तहको सम्बन्ध भएको हो । अब राम्रो वातावरण भन्दा किन विथोलिएको छ त्यसलाई राम्रो बनाउनुपर्छ । कुटनीतिमा सबैभन्दा ठूलो कुरा विश्वासको वातावरण बनाउनुपर्छ । अहिले कताकता विसमता देखिएको त्यो नेपालको लागि पनि र भारतको लागि पनि हानीकारक छ । अब त्यसलाई अनियन्त्रित हुनदिनुहुँदैन । त्यसको लागि अब सम्वाद सुरु हुनुपर्छ ।

**भारतले त अब वार्ताको वातावरण बिग्रिइसक्यो हामी गर्न सक्दैनौं भन्यो नि ?**

उनीहरूको राष्ट्रिय नीतिको बारेमा हामीले कुरा गर्यौं । मैले त धेरैचोटी कस्ताकस्ता घटना व्यहोरेँ भन्दा शेरबहादुरजी प्रधानमन्त्री हुँदाखेरी गयामा रात बस्ने कुरा भयो । त्यहाँ विहारका मुख्यमन्त्री नितिसजी पनि नेपालसँग संवाद गर्नुपर्छ । पानीको प्रवन्ध हुनसक्यो भने चुरेक्षत्रलगायत सम्पूर्ण तराई पनि स्वर्ग हुने । विहारको भूभाग पनि स्वर्ग हुने । हामीसँग हाइड्रोको कमी त्यसको लागि संवाद अगाडि बढाउनुपर्‍यो भनेको त्यहाँको परराष्ट्रमन्त्रालय मरे मान्दैन । मुख्यमन्त्री नितेशजीकै सल्लाहमा उहाँले प्रधानमन्त्रीलाई सोधेपछि बल्ला अनुमति आयो । उहाँहरू छलफल गर्न मान्नुभयो । आएर कुरा गरेर तुरुन्तै फर्किनुभयो । त्यसैले मैले भन्नखोजेको यस्तो घटनाहरू धेरै छन् । त्यहाँ ब्रिटिसको समयदेखि नै राष्ट्रिय नीतिको अर्कै खाले छ । अब नेपालका अन्तर्राष्ट्रिय सन्धी, सम्झौता विपरीत जहाँ मनलाग्यो त्यहाँ बाटो बनाइदिने । जहाँ मनलाग्यो त्यहाँ बाध बनाइदिएको छ । पानीको बहावलाई अवरोध गरिदिएको छ । अनि हामीले नेपालको सहमतिबिना यी सबै काम कसरी भइराखेको भन्दा खैलाबैला पर्यो । यी कुरालाई हामीले बुझ्नुपर्छ ।

**ब्यूरोक्रेसीको निर्णयलाई चिर्न सक्ने लिडरसीप भारतमा छ र ?**

अहिलेको नेतृत्वमा त्यो क्षमता छ । मोदीजीले नेपालको उच्चतहको प्रधानमन्त्री, राष्ट्रपतिको भ्रमणको बेलामा आफ्नो सम्बन्धित ठाउँका मन्त्रीहरूलाई निर्देशन दिनुभएको थियो, 'कुनै कुराको कमी नहोस' भनेर । उनीहरूले होटेलै चेन्ज गरिदिन्छन् । त्यसैले मोदीजीमा इच्छाशक्ति नभएको होइन । हामीले नेपालको पनि खाली भारतलाई बागी मात्रै गरेर समस्याको समाधान हुँदैन । यो विषयमा पनि बसेर छलफल गर्नुपर्छ । जब यो संविधानसभाको चुनावपछि जुनखालको राजनीतिक, कुटनीतिक सम्बन्ध राख्नुपर्ने, डिल गर्नुपर्ने हुन्छ । जसले गर्दा भारतलाई पनि राम्रो होस् नेपाललाई पनि राम्रो होस् । यो किन राम्रो हुनसकेको छैन ? बाहिरबाट हेर्दा त राम्रै देखिन्छ । हामी प्रधानमन्त्री र भारतका प्रधानमन्त्रीबीचमा । कलाकौशल चातुर्‍यात भन्ने त आफ्ना, आफ्ना देशको हितका लागि सबैले गर्ने हो । फेरि मोदीजी आफैले भन्नुभएको नेपाल भनेको त देव भूमि, आधारभूमि भनेर प्रसंशा गर्नुहुन्थ्यो । फेरि कसरी मिलीरहेको छैन अचम्म छ । कुटनीतिक वार्ताको वातावरण बनाउन नेपाल र भारत दुवै चुकेको छौं । त्यो भूभागमा नेपालको सत्य, तथ्य प्रमाणहरू पुग्छन् भने भारतले त्यसलाई स्वीकार्नुपर्यो ।

**कालापानी, लिपुलेक र लिम्पियाधुरा त नेपालकै हो सबै प्रमाणहरू छन्, वार्ताको मोडालिटीको कुरा गर्दा भारतलाई कसरी मनाउने ?**

प्रमाणले त्यो ठाउँ भए हाम्रै भएपनि उनीहरूको भनाइ के छ भने त्यो ठाउँमा हाम्रो सेना त ५०, ६० वर्षदेखि बसेकै थियो । यत्रो वर्षसम्म कहिल्यै यो बारेमा चर्चा (उठेन । तपाईंहरूले आफ्नो नक्सापनि गिभअप गरेर छोडेर हामीलाई सजिलै भएको थियो । अहिले कसरी विवाद उठ्यो ? कुटनीतिक क्षेत्रका मान्छेहरूले कहीकाही कुराहरू झिक्थे । यसअघि हाम्रो नेपालमा सधैं अस्थिरता थियो । त्यो कुरा निरन्तरतामा परेन । त्यसकारण तपाईंहरूले परराष्ट्रको प्रोटोकल नस्वकारेका कारणले तपाईंहरूलाईृ राम्र हुँदैन । विवादित भूमि भन्दाभन्दै सडकसमेत बन्दाबन्दीको अवस्था उदघाटन गरेपछि तपाईंहरूलाई नैतिक दबाब छ । सम्पूर्ण देश एक ठाउँमा उभिएको छ । जनतामा चेतना बढेको छ । त्यसैलाई समयमै सम्वोधन गर्नुपर्छ भनेर मैले भन्ने गरेको थिएँ । त्यसमा ध्यान नदिनु भारतको अर्घेल्याईं हो । अहिले हामीले नक्सा पास गरिसकेपछि भारतबाट अब नेपालले नक्सा जारी गरेर वार्ताको बाटो बन्द गर्‍यो भन्ने अभिव्यक्तिहरू आइरकेको छ । अब यसमा व्यापक रूपले कुरा उठ्ने त्यसमा यो गल्ती नेपालको कि भारतको भनेर । यो त भारतबाटै उठ्छ । नाकाबन्दीको बेला भारतको लोकसभा, राज्यसभामा कसरी बहस भयो ? त्यसैले भारतलाई नेपालसँगको सम्बन्ध अरू देशहरूसँग जस्तो होइन । यसलाई बिगारियो भने ठूलो नोक्सान हुन्छ भन्ने कुरा त्यो बेलामा पनि उठ्यो । अरू सबै कुरामा सम्झौता गर्न सकिएला तर भूगोलको विषयमा सकिँदैन नि ।

**अहिलेको अवस्थामा मोदी र ओलीबीच वार्ता हुन्छ कि हुँदैन ?**

त्यो दिन आउँछ । अरूले जे जे बोले पनि हुन्छ । नेपालमा हाम्रा वामपन्थी मित्रहरूले अमेरिकी साम्रज्यवाद र भारतीय विस्तारवाद भनेनन् र विरोध गरेनन् भने उनीहरूको आफ्नै धरातल हल्लिन थाल्छ । त्यो उनीहरूले बुझेका छन् । कमसेकम प्रधानमन्त्री र परराष्ट्रमन्त्रीले बोल्दाखेरी अलिकति संयम्ता देखाएदेखि राम्रो हुनेथियो । यसरी नै गाली गर्दै जाने हो भने उनीहरूको ब्युरोक्रेसीले पनि नेपालले सधैं गाली मात्रै गरिरहन्छ भने हामी चाहीं किन झुक्ने भन्ने पनि हुन सक्छ ।

**भारतीय कुटनीतिक तहले त नेपालले आफ्नो यात्रा तय गर्‍यो, हामी पनि आफ्नो यात्रा तय गर्दछौं भनेका छन् नि ?**

नाकाबन्दीको बेलामा मलाई १० चोटी त्यो भनियो । त्यो बेलामा मैले यसरी भन्दा तपाईंहरूको जिम्मेवारी भित्र पर्छ भनेँ । यसरी प्रस्ट राखेर हामी त्यो बेलामा सहमति गराउँथ्यौं । त्यसले सुस्मा स्वराजले तुरुन्तै समय दिनुहुन्थ्यो । अहिलेका मन्त्रीज्यू त्यतिबेला सचिव हुनुहुन्थ्यो उहाँलाई निर्देशन दिनुहुन्थ्यो । उहाँले पनि जतिबेलामा भेटघाट गर्नुहुन्थ्यो । प्रधानमन्त्री कार्यालयमै पनि कतिपटक भेटिनुहुन्थ्यो । भारतमा नेपाल जस्तो होइन । त्यहाँ त दुईवटा भारत छ, एउटा राजनीतिक तहको अर्को ब्युरोक्रेसीको । भारतका प्रधानमन्त्रीले नेपालमा आएर जुन अभिव्यक्ति दिएका थिए त्यो व्यक्तिगत धारणा थिए । जसरी आज सिंगै राष्ट्र एक ठाउँमा उभिएको छ । सबैभन्दा ठूलो कुरा यो हो । अब सबै राष्ट्र, जनता, राजनीतिक दल एकठाउँमा भइरहेन हुनुपर्छ । प्रधानमन्त्री र परराष्ट्र मन्त्रीले त्यो भूमिका खेल्नुपर्छ । परिवक्वता भनेको विश्वासको वातावरण जगाउने काम हो । त्यसमा भारत र नेपाल दुवैतर्फबाट आफना आफ्ना गल्ती महसुस गर्नेपर्छ । किन भने वार्ता हुन नसक्ने, इपीजीको रिपोर्ट नबुझ्ने राजनीतिक र कुटनीतिक रूपमा राम्रो मानिदैन, अर्घेल्याईं हुन्छ ।

**अब कसरी फिर्ता लिने त सीमामा युद्ध गरेर, सेना पठाएर लिन सकिन्छ ?**

यसमा युद्धको कुरै छैन । कहिलेकाही अतिवादी सोचहरू यहाँ आउँछन् । त्यहाँसम्म जानुपनि पर्दैन, त्यस्तो गर्नुपनि पनि हुँदैन । राष्ट्रिय स्वार्थलाई सर्वोपरी राखेर उनीहरूको पनि चित्त बुझाएर ससम्मान हामीले तथ्य प्रमाण राखेर नेपालको स्वामित्व कायम भएपछि पनि त्यसलाई उपयोग गर्ने बारेमा त खुल्ला छौं नि । फेरि छिमेकी राष्ट्र भारत र चीनलाई नेपालको कुनै पनि भूभागले अहित नगर्ने ग्यारेन्टी गरेकै छौं । त्यहाँ चीनको स्वार्थ पनि दक्षिणतिर आउने एउटा बाटो चाहिएको । भारतलाई पनि पाकिस्तानमा विवाद चलिरहेकाले त्यही बाटो राम्रो । यी दुवैका स्वार्थले यस्तो हुन आएको छ ।

त्यहाँ दुवै देशको राजनीतिक स्वार्थ भन्दा पनि व्यापारिक कुरा छन् । यसले गर्दा चीनबाट पनि लिपुलेक नै त्रिदेशीय बिन्द भन्ने आयो त्यसलाई हामीले प्रतिवाद गर्‍यौं । चीनले गल्ती भएको सच्याउने भने पनि भारतले पनि बोलेको छैन । त्यसैले यसलाई परिवक्वताका साथ भारतलाई चित्त नदुखाइकन वार्ता गर्ने वातावरण बनाउनुपर्छ । यसको लागि मोदीजी पनि तयार हुनुपर्छ हाम्रो प्रधानमन्त्रीज्यू पनि तयार हुनुपर्यो ।

अहिलेको नेतृत्वमा त्यो क्षमता छ । मोदीजीले नेपालको उच्चतहको प्रधानमन्त्री, राष्ट्रपतिको भ्रमणको बेलामा आफ्नो सम्बन्धित ठाउँका मन्त्रीहरुलाई निर्देशन दिनुभएको थियो, कुनै कुराको कमी नहोस भनेर । उनीहरुले होटेलै चेन्ज गरिदिन्छन् । त्यसैले मोदीजीमा इच्छाशक्ति नभएको होइन । हामीले नेपालको पनि खाली भारतलाई बागी मात्रै गरेर समस्याको समाधान हुँदैन । यो विषयमा पनि बसेर छलफल गर्नुपर्छ । जब यो संविधानसभाको चुनावपछि जुनखालको राजनीतिक, कुटनीतिक सम्बन्ध राख्नुपर्ने, डिल गर्नुपर्ने हुन्छ । जसले गर्दा भारतलाई पनि राम्रो होस् नेपाललाई पनि राम्रो होस् । यो किन राम्रो हुनसकेको छैन ? बाहिरबाट हेर्दा त राम्रै देखिन्छ । हामी प्रधानमन्त्री र भारतका प्रधानमन्त्रीबीचमा । कलाकौशल चातुर्‍यात भन्ने त आफ्ना, आफ्ना देशको हितका लागि सबैले गर्ने हो । फेरि मोदीजी आफैले भन्नुभएको नेपाल भनेको त देव भूमि, आधारभूमि भनेर प्रसंशा गर्नुहुन्थ्यो । फेरि कसरी मिलीरहेको छैन अचम्म छ । कुटनीतिक वार्ताको वातावरण बनाउन नेपाल र भारत दुवै चुकेको छौं । त्यो भूभागमा नेपालको सत्य, तथ्य प्रमाणहरु पुग्छन् भने भारतले त्यसलाई स्वीकार्नुपर्यो ।

प्रमाणले त्यो ठाउँ भए हाम्रै भएपनि उनीहरुको भनाइ के छ भने त्यो ठाउँमा हाम्रो सेना त ५०, ६० वर्षदेखि बसेकै थियो । यत्रो वर्षसम्म कहिल्यै यो बारेमा चर्चा (उठेन । तपाईंहरुले आफ्नो नक्सापनि गिभअप गरेर छोडेर हामीलाई सजिलै भएको थियो । अहिले कसरी विवाद उठ्यो ? कुटनीतिक क्षेत्रका मान्छेहरुले कहीकाही कुराहरु झिक्थे । यसअघि हाम्रो नेपालमा सधैं अस्थिरता थियो । त्यो कुरा निरन्तरतामा परेन । त्यसकारण तपाईंहरुले परराष्ट्रको प्रोटोकल नस्वकारेका कारणले तपाईंहरुलाईृ राम्र हुँदैन । विवादित भूमि भन्दाभन्दै सडकसमेत बन्दाबन्दीको अवस्था उदघाटन गरेपछि तपाईंहरुलाई नैतिक दबाब छ । सम्पूर्ण देश एक ठाउँमा उभिएको छ । जनतामा चेतना बढेको छ । त्यसैलाई समयमै सम्वोधन गर्नुपर्छ भनेर मैले भन्ने गरेको थिएँ । त्यसमा ध्यान नदिनु भारतको अर्घेल्याईं हो । अहिले हामीले नक्सा पास गरिसकेपछि भारतबाट अब नेपालले नक्सा जारी गरेर वार्ताको बाटो बन्द गर्‍यो भन्ने अभिव्यक्तिहरु आइरकेको छ । अब यसमा व्यापक रुपले कुरा उठ्ने त्यसमा यो गल्ती नेपालको कि भारतको भनेर । यो त भारतबाटै उठ्छ । नाकाबन्दीको बेला भारतको लोकसभा, राज्यसभामा कसरी बहस भयो ? त्यसैले भारतलाई नेपालसँगको सम्बन्ध अरु देशहरुसँग जस्तो होइन । यसलाई बिगारियो भने ठूलो नोक्सान हुन्छ भन्ने कुरा त्यो बेलामा पनि उठ्यो । अरु सबै कुरामा सम्झौता गर्न सकिएला तर भूगोलको विषयमा सकिँदैन नि ।

नाकाबन्दीको बेलामा मलाई १० चोटी त्यो भनियो । त्यो बेलामा मैले यसरी भन्दा तपाईंहरुको जिम्मेवारी भित्र पर्छ भनेँ । यसरी प्रस्ट राखेर हामी त्यो बेलामा सहमति गराउँथ्यौं । त्यसले सुस्मा स्वराजले तुरुन्तै समय दिनुहुन्थ्यो । अहिलेका मन्त्रीज्यू त्यतिबेला सचिव हुनुहुन्थ्यो उहाँलाई निर्देशन दिनुहुन्थ्यो । उहाँले पनि जतिबेलामा भेटघाट गर्नुहुन्थ्यो । प्रधानमन्त्री कार्यालयमै पनि कतिपटक भेटिनुहुन्थ्यो । भारतमा नेपाल जस्तो होइन । त्यहाँ त दुईवटा भारत छ, एउटा राजनीतिक तहको अर्को ब्युरोक्रेसीको । भारतका प्रधानमन्त्रीले नेपालमा आएर जुन अभिव्यक्ति दिएका थिए त्यो व्यक्तिगत धारणा थिए । जसरी आज सिंगै राष्ट्र एक ठाउँमा उभिएको छ । सबैभन्दा ठूलो कुरा यो हो । अब सबै राष्ट्र, जनता, राजनीतिक दल एकठाउँमा भइरहेन हुनुपर्छ । प्रधानमन्त्री र परराष्ट्र मन्त्रीले त्यो भूमिका खेल्नुपर्छ ।

# कोरोना रोकथामका लागि नबिल बैंकको सहयोग

कोरानाको रोकथाम र उपचारका लागि नबिलबैंकले २६ लाख रुपैयाँ भन्दा बढी सहयोग गरेको छ। बैंकले आफ्नो संस्थागत सामाजिक उत्तरदायित्व अन्तर्गत बैंकका सञ्चालक तथा कर्मचारीहरुले नेपाल सरकारको कोराना भाइरस नियन्त्रण तथा उपचार राहत कोषमा उक्त रकम जम्मा गरेको हो।

स्वास्थ्य तथा जनसंख्या मन्त्रालयमा बुधबार भएको एक कार्यक्रममा बैंकका



प्रमुख कार्यकारी अधिकृत अनिल केशरी शाहले स्वास्थ्य तथा जनसंख्या मन्त्री भानुभक्त ढकाललाई उक्त रकमको चेक हस्तान्तरण गरे। उक्त कार्यक्रममा बैंकका अध्यक्ष शम्भु प्रसाद पौड्याल, सञ्चालक उपेन्द्रप्रसाद पौड्याल र मानव संशाधन प्रमुख रोशन कोइराला पनि उपस्थित भएको बैंकले जनाएको छ।

कोरानी भाइरस महामारी विरुद्धको लडाइमा व्यक्तिगत तवरले पनि राष्ट्रलाई सहयोग गर्नुपर्छ भन्ने मनसायले बैंकका सञ्चालक तथा कर्मचारीहरुले कोरोना भाइरस नियन्त्रण तथा उपचार राहत कोषमा योगदान गरेको शाहले बताए।

# २० अर्बको रिभर्स रिपो जारी गर्दा ३३ अर्बको माग

नेपाल राष्ट्र बैंकले बुधबार २० अर्ब रुपैयाँ बराबरको रिभर्स रिपो निष्कासन गरेको छ। वित्तीय प्रणालीमा रहेको अधिक तरलतालाई खिच्नका लागि उक्त रिभर्स रिपो जारी गर्ने भएको हो।

विश्वभरि फैलिएको कोरोना भइरसको संक्रमण नियन्त्रणका लागि नेपालमा पनि लकडाउन भएको अवस्था छ। लकडानको समयमा आर्थिक गतीविधि ठप्प छन् भने बैंकहरुले निक्षेप लिने र भुक्तानी दिने मात्र काम गरेका छन्। यसले गर्दा पनि बैकिङ प्रणालीमा अधिक तरलता भएपछि त्यसको व्यस्थापनका लागि केन्द्रिय बैंकले रिभर्स रिपो जारी गरेको हो। रिभर्स रिपो जारी हुँदा बैंकहरुले प्रतिस्पर्धात्मक ब्याज दरमा केन्द्रीय बैंकलाई रकम उपलब्ध गराउँछन्। केन्द्रीय बैंकले सस्तो ब्याज दरलाई प्राथमिकता दिई बैंकहरुबाट रकम लिने गर्दछ। त्यसैले ब्याज दर जति कम कायम भयो, बैंकहरुसँग उति बढी अनावश्यक तरलता रहेको सूचक मानिन्छ। बुधवार निष्कासन गरिएको रिभर्स रिपोमा बोलकबोल गर्ने बैंक वित्तीय संस्थाले ब्याजदर करिडोरको तल्लो सीमा २ प्रतिशत भन्दा माथिको ब्याजदर दाबी गरेको खण्डमा आवेदन स्वत रद्द भएको मानिने केन्द्रीय बैंकले जनाएको छ। सात दिने अवधिको सो रिभर्स रिपोमा बैंक तथा वित्तीय संस्थाले मात्र आवेदन दिन पाउने व्यवस्था छ। साथै यसरी रिभर्स रिपोबाट हुने ब्याज आम्दानी कर योग्य हुने समेत केन्द्रीय बैंकले जनाएको छ।

# इन्भेष्टमेन्ट बैंकले २ अर्ब रुपैयाँ फिर्ता ल्याउँदै

नेपाल इभेष्टमेन्ट बैंकले जमानत बापत भुक्तानी दिएको करिब २ अर्ब १० करोड रुपैयाँ रकम फिर्ता पाउने भएको छ। अदालतले स्टे अर्डरलाई निरन्तरता दिएपछि बैंकले गरेको अपिलका आधारमा अदालतले सीसीलाई जमानत भुक्तानी गरेको रकम इटालीयन बैंक इनटेसा सनपाओलोले तिर्फ दिनु पर्ने निर्णय गरेको हो। इटालीको स्थानीय अदालतले इटालीयन ठेगदार कम्पनी(सिएमसी)का पक्षम स्टे अर्डरलाई निरन्तरता दिएपछि केही महिना अघि बैंकले अपिल पेस गरेको थियो। स्टे अर्डर दिएर निरन्तरता दिने निर्णय अदालतले गरेपछि अपिल गरेको बै.कका प्रमुख कार्याकारी अधिकृत ज्योती प्रकास पाण्डेले बताए।

इटलीको कानुनी प्रणाली अनुसार अपिल गर्दा जुन अदालले स्टे अर्डर जारी गरेको हो त्यसैमा दिनु पर्ने भएकाले सोही अदालतामा अपिल गर्दा बैंकको पक्षमा निर्णय भएको उनले बताए। इटलीको कानुनी प्रणाली अनुसार अपिल गरेको हुनाले तीन न्यायाधीश सहितको बेञ्चले फैसला गरेको हो। तीन न्यायधीसको बेञ्चले इन्भेष्टमेन्ट बैंकको हितमा फैसलता सुनाएको हुनाले आगामी सातासम्ममा सो रकम फिर्ता आउने उनले बताए। राष्ट्र बैंकले गत

नेपाल इन्भेष्टमेण्ट बैंक लि.
NEPAL INVESTMENT BANK LTD.

आर्थिक वर्षको नाफाबाट बैंकको ९७ करोड रिटेन अर्निङको व्यवस्था गरेको छ। इन्भेष्टमन्ट बैंकले करिब एक अर्ब ९१ करोड रुपैयाँ इटालीयन बैंक इन्टेसा सानपओलो बैंकको काउन्टर जमानतामा सीएमसीसँगको सम्झौता तेडेको तनहुँ जलविद्युत् आयोजनालाई भुक्तानी दिएको थियो। इन्भेष्टमेन्ट बैंकले ग्यारेन्टी गरेको पार्टिलाई भुक्तानी गरेको हुनाले आफूले पनि काउन्टर जमानत बसेको इटालीयन बैंक इनटेसा सनपाओलोबाट भुक्तानी पाउँ भनि आग्रह गरेको थियो। तर, ठेकेदार कम्पनी सीएमसीले जमानत बसेको इन्भेष्टमेन्ट बैंकलाई भुक्तानी दिनु नपर्ने भन्दै अदालत गएपछि प्रक्रिया जटिल बनेको हो। नेपालमा काम गर्ने वातावरण नभएको र आयोजनाले नै आफूमाथि छल गरेकाले आयोजना छाड्नुपर्ने अवस्था आएको भन्दै सीएमसीले बैंक जमानत बापतको रकम तिर्न नसक्ने दावी गर्दै आएको थियो। तनहुँ हाइड्रपावर कम्पनीलाई पनि विपक्षी रहेको सो मुद्दामा इभेष्टमेन्ट बैंक र तनहुँ हाइड्रो दुवैले मुद्दा लडेका थिए। तनहुँ जलविद्युत् आयोजनाको नदी फर्काउने, बाँध लगायतका पहिलो प्याकेजका संरचना निर्माणका लागि इटालीयन कम्पनी सिएमसी छनोट भएको थियो। मेलम्ची खानेपानी आयोजनाको सुरुङ निर्माण गरिरहेको कम्पनीले तनहुँ जलविद्युत् आयोजनाको काममा नजाँदै आर्थिक संकटमा फसेपछि नेपालबाट बाहिरिएको थियो।

# बिओके क्यापिटलको अध्यक्षमा मिश्र नियुक्त

बैंक अफ काठमाण्डु लिमिटेडको सहायक कम्पनी बिओके क्यापिटल मार्केट लिमिटेडको अध्यक्षमा महेश मिश्र नियुक्त भएका छन्। सञ्चालक समितिको ५९ औं बैठकले मिश्रलाई अध्यक्ष नियुक्त गरेको हो। बैठकले बिओके क्यापिटल मार्केट लिमिटेडको सञ्चालकमा चन्द्रराज शर्मालाई नियुक्त गरेको जनाएको छ। शर्मा बैंक अफ काठमाण्डु लिमिटेडको तर्फबाट क्यापिटलको सञ्चालकमा नियुक्त भएका छन्।

# कृषि विकास बैंकद्वारा नेपाल रेडक्रस सोसाईटीलाई एसी प्रदान

दाङ। कृषि विकास बैंक घोराही शाखाले नेपाल रेडक्रस सोसाईटी दाङ शाखालाई दुई थान एसी सहयोग गरेको छ। रक्त सञ्चार केन्द्र घोराही र रक्त सञ्चार केन्द्र तुलसीपुरमा राख्ने गरी बैंकले दुई वटा एसी सहयोग गरेको हो।

बैंकको सामाजिक उत्तरदायित्वको कार्यक्रम अन्तर्गत रक्तदानका क्रममा रक्तदाताहरुलाई सुविधा दिने उद्देश्यले एसी सहयोग गरेको कृषि विकास बैंक




घोराही शाखाका प्रबन्धक बाबुराम ज्ञवालीले जानकारी दिए।

बैंकले विहीबार एक कार्यक्रमका बीच कृषि विकास बैंक क्षेत्रीय कार्यालय नेपालगञ्जका प्रमुख गिरधारी पौडेल र घोराही शाखाका प्रबन्धक बाबुराम ज्ञवालीले नेपाल रेडक्रस सोसाइटी दाङ शाखाका सभापति नारायणप्रसाद आचार्यलाई हस्तान्तरण गरेका हुन्। एसी मेसिन हस्तान्तरण कार्यक्रममा बोल्दै कृषि विकास बैंकका क्षेत्रीय कार्यालय नेपालगंजका प्रमुख पौडेलले सामाजिक उत्तरदायित्वलाई वहन गर्दै कोरोनाको कहरको समयमा पनि बैंकले सहयोगको कार्यक्रम गरेको बताए। उनले बैंकले गरेको सहयोगलाई सही रुपमा उपयोग गर्दै रक्तदाताहरुलाई सुविधा दिन समेत आग्रह गरे। उनले कृषि विकास बैंकले अन्य निजी बैंक सरह नै जनतालाई सुविधा दिँदै आएको बताए।

कार्यक्रममा नेपाल रेडक्रस सोसाईटी दाङका शाखा सभापति नारायण आचार्यले कृषि विकास बैंकको सहयोगले ब्लड बैंकको स्तर वृद्धि गर्न सहयोग पुऱ्याएको बताए। ब्लड बैंकमा एसीको सुविधा नहुँदा गर्मीको समयमा रक्तदान गर्दा कतिपय रक्तदाताहरु बेहोस हुने गर्नु भएको थियो, सभापति आचार्यले भने, 'अब रक्तदान गर्ने ठाउँमा एसी जोडेपछि त्यो समस्या हट्ने छ। कार्यक्रमको सहजीकरण शाखा अधिकृत राजकुमार विकले गरेका थिए।

# सार्वजनिक बिदामा पनि बैंक खोल्न निर्देशन

नेपाल राष्ट्र बैंकले सबै वर्गका बैंकलाई शनिबार लगायतका सार्वजनिक




बिदाका दिनमा पनि सञ्चालन गर्न निर्देशन दिएको छ। करदाताहरूले कर सहज रूपमा बुझ्ने व्यवस्था गर्नका लागि आगामी असार ३२ सम्म सार्वजनिक बिदामा पनि बैंकहरूका सम्पूर्ण राजस्व संकलन गर्ने शाखा र काउन्टर एवं बैंकिका क्लियरिङसम्बन्धी कार्य गर्ने काउन्टरलगायत नेपाल क्लियरिङ हाउससमेत पूर्णकालीन रूपमा खोल्न निर्देशन दिइएको नेपाल राष्ट्र बैंकका कार्यकारी निर्देशक देवकुमार ढकालले जानकारी दिए।

सार्वजनिक बिदामा पनि करिब चारदेखि ५ हजार चेक क्लियरिङ हुँदै आएको र दैनिक रूपमा यो बढ्दो क्रममा रहेको राष्ट्र बैंकले जनाएको छ। यसबाट सरकारी भुक्तानी, कर तथा राजस्व संकलन र सामान्य व्यक्तिलाई पनि निकै सहज हुन थालेको राष्ट्र बैंकको दावी छ।

# मेगा बैंकका ग्राहकलाई छुट

मेगा बैंक नेपाल लिमिटेडका ग्राहकहरूले स्वास्थ्य सामग्री खरिद गर्दा विशेष छुट पाउने भएका छन्। कोरोना महामारीबाट सावधानी अपनाउन आवश्यक पर्ने विभिन्न स्वास्थ्य सामग्रीहरू 'रिचार्जर' नाम अनलाइनबाट खरिद गर्दा मेगा

मेगा रेमिट
MEGA REMIT ®
विश्वासिलो... देश-विदेशभरिनै

बैंकका ग्राहकहरूले विशेष छुट पाउन भएका हुन्।

मेगा बैंकका ग्राहकहरूले पीपीई, स्यानिटाइजर, इन्फ्रारेड थर्मोमिटर, सर्जिकल मास्क, ग्लोब्स, सेफ्टी सुज, सेफ्टी चश्मा, फेस प्रोटेक्टर, डिस्इन्फेक्टेन्ट स्प्रेलगायत सामग्रीमा मेगा बैंकका ग्राहकहरूलाई छुटको व्यवस्था गरिएको रिचार्जरले जनाएको छ। मेगा बैंकका डेबिट र क्रेडिट कार्डवाहक ग्राहकहरूले कार्डबाट ईकमर्समार्फत रकम भुक्तानी गर्दा प्रत्येक पटक १० प्रतिशत र अधिकतम ५ सय रुपैयाँसम्म छुटको व्यवस्था गरिएको छ।

रिचार्जरको वेबसाइट तथा मोबाइल एप्समार्फत ग्राहकहरूले सामान अर्डर गर्न सक्नेछन्। देशव्यापी लकडाउनको असहज अवस्था तथा कोरोनाको सम्भावित खतराबाट जोगिन सहज होस् भन्ने उद्देश्यले यो व्यवस्था गरिएको मेगा बैंकले जनाएको छ।

## बैकिङ्ग संसार

# सहकारीद्वारा कृषि एम्बुलेन्स सञ्चालन

सहकारी संघसंस्थाले कोरोना भाइरसविरुद्ध जारी भएको लकडाउनको समयमा किसानले उत्पादन गरेको कृषि उपजलाई बजारसम्म पु(याउनका लागि कृषि एम्बुलेन्स सञ्चालन गरेका छन्। राष्ट्रिय सहकारी महासंघले प्रदेश-५ का सहकारी संस्थाहरुसँग गरेको भर्चुअल अन्तरक्रियामा बोल्दै सहभागीहरुले किसानका उत्पादन खेतबारीमा कुहिने अवस्थाको अन्त्य गर्न सफल भएको बताए।

प्रदेश-५ मा १२ जिल्लामा ४ उपमहानगरपालिका, २२ नगरपालिका र ८३ गाउँपालिका गरी १०९ वटा पालिकामा सहकारीहरुले ३४ वटा कृषि




एम्बुलेन्स सञ्चालन गरेर कृषि उत्पादन तथा दुग्ध उत्पादन बिक्री वितरण गरेका छन्। सहकारीमार्फत तरकारीलाई ग्रेडिङ गरेर प्याकेजिङ गर्नुका साथै सहज र सुलभ मूल्यमा बिक्री समेत गरिएको सहभागीहरुले जानकारी दिए।

कोरोना भाइरसको संक्रमण रोकथाम, उपचार तथा नियन्त्रणका लागि प्रदेशका सहकारी संघ संस्थाले यहाँका स्थानीय तह तथा प्रदेश सरकारलाई आर्थिक सहयोग समेत गरेका छन्। स्थानीय तथा प्रदेश सरकारले सञ्चालन गरेका क्वारेन्टाइनमा समेत खाद्यान्न उपलब्ध गराउन सहकारीले भूमिका खेलेका बताइएको छ।

प्रदेश-५ का सहकारीहरुले विशिष्टकृत कृषि व्यापार सहकारी संघ स्थापना गरेर सहकारी-सहकारीबीचको व्यवसाय सञ्चालन गर्ने समेत योजना बनाएका छन्। बर्दघाटदेखि कर्णालीसम्म सहकारीमार्फत ६ वटा रिफ्रेस सेन्टर स्थापना गर्ने र त्यहाँ सहकारीका उत्पादन बिक्री गर्ने कोसेली घरहरु समेत राखेर पर्यटन क्षेत्रको प्रवर्द्धनमा समेत भूमिका खेल्ने गरी योजना तर्जुमा भइरहको जानकारी समेत गराइएको छ।

त्यसैगरी विशिष्टकृत संघमार्फत नै राइस, तेल मिल सञ्चालन गर्ने, अटो रिक्सा श्रमिकहरुको सहकारी संस्था गठन गर्ने विषयमा समेत प्रदेश-५ का सहकारी अभियानताले कार्य गरिरहेको जानकारी गराएको थियो। महासंघले संघहरुको प्रवर्द्धनमा भूमिका खेल्नुपर्ने विषयमा समेत सहभागीहरुले




सुझाव दिएका थिए। कार्यक्रममा महासंघका अध्यक्ष मिनराज कँडेल, निर्वतमान अध्यक्ष केशव बडाल, वरिष्ठ उपाध्यक्ष तथा अन्तर्राष्ट्रिय सहकारी महासंघका ग्लोबल बोर्ड सदस्य ओमदेवी मल्ल, उपाध्यक्ष रमेश पोखरेललगायतले लकडाउनको अवधिमा सहकारी संघ/संस्थाको महत्वपूर्ण भूमिका रहेको र सहकारी अभियानको शक्तिको पहिचान गराउन सफल भएको धारणा व्यक्त गरे।

# बचतपत्रमा लगानी गर्दा १० प्रतिशत ब्याज पाइने

वित्तीय प्रणालीमा निक्षेपको ब्याजदर घट्दो क्रममा रहेको अवस्थामा दोहोरो अंकको ब्याज दिने गरी वैदेशिक रोजगार बचत पत्रको बिक्री खुला भएको छ। नेपाल राष्ट्र बैंकले १० प्रतिशत वार्षिक ब्याजदर दिने गरी ४० करोड रुपैयाँ बराबरको वैदेशिक रोजगार बचत पत्र निष्कासन गरेको हो।

पछिल्ला दिनहरुमा ऋणको ब्याजदर घटाउने दवावमा बैंक तथा वित्तीय संस्थाले निक्षेप समेत ब्याजदर घटाइरहेको अवस्था छ। यस्तो समयमा सरकारले वैदेशिक रोजगारीमा गएका नेपालीका लागि उच्च प्रतिफल दिने गरी उक्त वित्तीय औजारको बिक्री खुला गरेको हो।

नेपाल सरकारले अन्तरिक ऋण उठाउनका लागि नेपाल राष्ट्र बैंकको मध्यस्तकर्तामा सो वैदेशिक रोजगार बचतपत्र निष्कासन गरेको हो। सो बचपत्रमा मुलुक बाहिर रोजगारीमा संलग्न वा रोजगारीबाट फर्केको ४ महिना नपुगेका नेपाली नागरिक वा गैर-आवासीय नेपालीले आफू वा आफ्नो परिवारको सदस्यको नामबाट लगानी गर्न सक्छन्।

'वैदेशिक रोजगार बचत पत्र २०८२' नाम गरेको बचपत्रको अवधि ५ वर्षको रहेको छ। सरकारले ५ वर्षपछि लगानीकर्तालाई साँवा फिर्ता गर्नेछ। सो बचपत्रको १० प्रतिशत ब्याज अर्धवार्षिक रुपमा भुक्तानी पाइनेछ। सो ब्याजमा नियमानुसारको कर लाग्ने केन्द्रीय बैंकले जनाएको छ। आगामी असार २७ गतेसम्म बिक्री खुल्ला भएको बचतपत्रमा बचतपत्र न्यूनतम पाँच हजार र अधिकतम १० लाख रुपैयाँसम्म खरिद गर्न सकिने छ। यो बचतपत्र धितो राखी कर्जा लिन पनि सकिने छ।

# फासीं फासीं अनी फासीं



कृष्ण बहादुर बोगटी काका
धुम्बाराही क्षेत्र नं. ५
वडा नं. ४ काठमाडौं

हिजोआज सबैजना पैसातिर मात्र भुलने गरेकोले आफ्नो कर्तब्य भुल्दै गएको भानहुन्छ, नेपाली चेलीलाई विदेसमा लगी विक्रिगरी आफ्नो आशा पुरा गर्नेहरु पनि धेरैछन ।

बालबालिका चेली बेटीलाई ललाई फकाइ आफ्नो स्वार्थ पुरा गर्नेलाई अब नेपाली जनताले तह लगाइ त्यस्ता कुकृत्य गर्नेलाई फासी लगाउनु पर्छ । बलात्कार जस्तो जघन्य अपराधीलाई निर्मुल पार्नुपर्छ ।

अपराधीलाई संरक्षण दिने सरकारी ओकील लैं किन नहोस कार्वाही गर्नै पर्छ । नेपालमा बलात्कार गर्नेलाई फासी जबसम्म हुँदैन तबसम्म नेपाली चेलीले खुलेर हिडडुल गर्न सक्ने अवस्था आउँदैन तर कुनै पनि पैसा शक्ति हुने ब्यक्तीले आफुले गरेको भ्रष्टाचारलाई ढाकछोप गर्न अरुलाई फसाउँछन त्यसमा नेपाल प्रहरी लगायत सबै क्षेत्रको ध्यान जानु जरुरी छ । आफु बच्न अरुलाई पैसा शक्ति लगाई फसाउनेहरु पनि धेरै छन । त्यसमा राम्रो छानविन हुनु जरुरी छ । मलाई पनि एउटा संस्था संचालकले आफुले गरेको भ्रष्टाचार लुकाउन मलाई बलात्कार जस्तो जघन्य अपराध लगाई फसाइ दियो ।

तर मेरो कुरा कुनै पनि न्यायालयले सुनेन लगाएको आरोप प्रमाणित छैन भनी मेरो पैसाको शक्तिमा भुली मलाई अन्याय गरे अब कुनैपनी निर्दोषी गरिब नफसोश भनी २०६६ साल देखी गरिब सडक बच्चा फसाई खानेको विरोध गरिनै राखेको छु ।

अब राम्रो छानविन गरी दोषी भए फासिनै हुनुपर्छ मेरो पनि राम्रो छानविन गरी प्रमाणित भए मलाई पनि फासी दिनुहोला । नत्र भने आफु गर्ने बलात्कार अरु निर्दोष लाई पैसा शक्ती लगाई फसाउने त्यस्तो ब्यक्तिलाई कार्वाही गर्नु जरुरी छ ।

ज्यानमारा भनी जेल हालेको मानिस पनि निर्दोष देखियो । मरेको भन्ने ब्यक्ति भेटन आएपछि सर्वोच्च अदालतको आदेशमा पछि छुट्यो त्यस्तो छानविन कर्तालाई र विना प्रमाण मुद्दा हाल्ने न्यायाधिसलाई पनि कार्वाही हुनै पर्छ नत्र भने म जस्तो घरबार विहिन झुटो आरोपमा फसि नै रहन्छ ।

दोषी कहिलै नछुटोस, निर्दोषी कहिलै नफसोस् । यो मेरो मातृभुमी नेपालको जय जय जय ।

# रामेछाप डायरी

## मन्थली बजारको एकतर्फी आवागमन बन्द

रामेछाप । मन्थलीको देवकोटा चोकदेखि जिल्ला प्रहरी कार्यालय हुँदै बसपार्क पुग्ने सडक खण्डको कालेपत्रे भत्कीएपछि टालटुल पारिएको एक हप्ता बित्न नपाउँदै फेरी उप्किन र भासिन सूरु भएको छ । कालोपत्रे सम्पन्न भएको ४ महिना बित्न नपाउदै कालोपत्रे उप्कीएको समाचार बिभिन्न सञ्चार माध्यममा आएपछि टालटुल पारिको सडक पनि भत्कन थालेपछि मन्थली बजारको एकतर्फी सवारी सञ्चालन शनिबारदेखि बन्द गरिएको छ । एक तर्फी आवागमन गरिएको देवकोटा चोक देखि जिल्ला प्रहरी कार्यालय हुँदै बसपार्क पुग्ने सडक खण्डमा रहेको कजवेमा पानी जमेर सवारी साधनहरु दैनिक रुपमा दुर्घटना हुन थालेपछि हाललाई एक तर्फी आवागमन बन्द गरिएको जिल्ला जिल्ला प्रहरी कार्यालय रामेछापका प्रमुख बसन्त पाठकले बताए । उक्त सडक खण्ड अन्तर्गत जिल्ला आयुर्बेदिक कार्यालय अगाडि बाट निर्माण गरिएको नाला को पानीलाई त्यहि कजवेमा लगेर छाडिएको र उक्त क्षेत्रको बिपरित दिशाबाट पनि नालाको पानी लगेर त्यहि बिसर्जन गर्ने गरे पछि त्याहका स्थानीयले पानी आफ्नो निर्माणाधिन घर भित्र पसि घर नै भास्सीएको भन्दै पानी कजवेमै पानी थुनिदिएपछि दह जमेको छ । यस सम्बन्धमा मन्थली नगरपालिकाका प्रमुख रमेश कुमार बस्नेतले उक्त सडक खण्ड कालो पत्रे गर्ने बेलामा पनि पटक पटक समस्या आएको र धेरै चुनौति सामाना गरेर समाधान गरेको भएपनि अहिले झन जटिल समस्या आएको स्वीकार गरे । उनले उक्त समस्याको समाधानका लागि आफु लागि परेको पनि बताए । मन्थली नगरपालिका वडा नं १ का अध्यक्ष नारायण दाश श्रेष्ठले सडक कालोपत्रे गर्नका लागि गरिऐको डिजाइन गर्ने बेलामा आफूलाई जानकारीनै नदिएको र अहिले स्थानीयले उठाएका जायज मागहरुलाई पुरा गर्न कठिनाइ हुदा यो समस्या आएको बताए । उनले डिजाइन गर्ने बेलामै समन्वय भएको भए यो समस्या नआउने उनको दावी छ ।

## रामेछापमा ८७ पीसीआर रिपोर्ट आउन बाँकि

रामेछाप । रामेछापमा ८७ जनाको पीसीआर रिपोर्ट आउन बाँकि छ । ३ सय २५ जनाको स्वाब संकलन गरी पठाइएकोमा १९ जनाको पोजेटिभ आएको छ । २ सय १९ जनाको नेगेटिभ रिपोर्ट आएको र ८७ जनाको रिपोर्ट आउन बाँकि रहेको स्वास्थ्य कार्यालय रामेछापका निमित्त प्रमुख जितेन्द्र कुमार कर्णले जानकारी दिए । उनका अनुसार सोमबारमात्रै गोकुलगंगा गाउँपालिकाका थप ८५ जनाको पीसीआर परीक्षणका लागि स्वाब संकलन गरिएको छ । हालसम्म मन्थली नगरपालिमा ४९ , रामेछाप नगरपालिमा ४५ ,खाँडादेवी गाउँपालिमा १ सय ४ , गोकुलगंगा गाउँपालिमा २३ , दोरम्बा गाउँपालिमा १२ , लिखुतामाकोशी गाउँपालिमा ६३, उमाकुण्ड गाउँपालिकामा २४ , र सुनापति गाउँपालिमा ५ जनाको स्वाब संकलन गरी पीसीआर परीक्षणका लागि पठाईएकोमा ८७ जनाको रिपोर्ट आउन बाँकि रहेको कर्णले बताए । जिल्लामा अहिलेसम्म ८ सय ६७ जनाको आरडीटी परीक्षण गरिएकोमा सबैको रिपोर्ट नेगेटिभ आएको स्वास्थ्य कार्यालय रामेछापले जनाएको छ । यस्तै जिल्लाको विभिन्न पालिकाहरुमा बनेका क्वारेन्टिनमा अहिले ९२ जना बसेका छन् । भारत लगाएतका विभिन्न ठाउँबाट आएका महिला ४ र पुरुष ८८ जनालाई क्वारेन्टिनमा राखिएको हो ।

# नेपालको सिमाना कस्को पालामा मिचिएको हो ?

काठमाडौं । 'धेरै पत्रकारले त्यस्तो ठाउँमा कसरी जनगणना गराउनु भयो ? डर लागेन, कत्रो हिम्मत् ? भनेर सोध्छन् । उनीहरूलाई भन्ने गरेको छु- निर्विवादित क्षेत्रमा निर्भीकताका साथ जगगणना गराएँ । त्यतिबेला लिम्पियाधुरासम्म नेपाल हो भन्नेमा कहिंकतै विवाद थिएन ।

भारतको धार्चुला, पिछुवागढतिर जनगणना गर्न गएको भए पो समस्या हुन्थ्यो त । मेरो मुलुकुभित्र जनगणनाका लागि जाँदा के को डर ? कसको डर ?'

यो भनाई हो, २०१८ सालमा डोटी, बैतडी र डडेलधुरामा जनगणना गराएका वरिष्ठ पत्रकार भैरव रिसालको । उनी २०१७ सालमा २६ महिना तथ्यांक विभागको 'रिजनल अफिसर' मा नियुक्त भएका बेला आफूले नाभी, कुटी, गुञ्जी लगायतका क्षेत्रमा जनगणना गराएको बताउँछन् ।

वरिष्ठ पत्रकार रिसालले जनगणना गराएको गुञ्जीका हरिसिंह बुढा, टिंकरका रतन बुढा, नाभीका हरिकृष्ण बुढा, गर्ब्याङ्का मोहनसिंह बुढा लगायतले २०३५ सालमा पनि नेपाल सरकारलाई बाली (कर) बुझाउँदै आएको प्रमाण सुरक्षित रहेको परराष्ट्र मन्त्रालयका अधिकारीहरु बताउँछन् ।

माथिका दृष्टान्तले साढे तीन दशकअघिसम्म पनि सन् १८१६ को सुगौली सन्धि अनुसार नै लिम्पियाधुरा मुहान भएको काली (महाकाली) पूर्वका नाभी, कुटी, गुञ्जी लगायतका गाउँहरु नेपालको रहेको स्पष्ट देखाउँछ ।

अब प्रश्न उठ्छ, बि.स. २०३२ सालमा नेपालले आफ्नो नक्सा प्रकाशन गर्दा कालापानी, लिपुलेक पश्चिमका भूभाग किन हटाइयो ? '२०३२ सालमा हटाइएको भन्दा पनि नसमेटिएको हो' नापी विभागका पूर्व महानिर्देशक पुन्यप्रसाद ओली भन्छन् ।

नापी विभागमा नक्सा सम्बन्धी काम गर्ने मुख्य निकाय स्थलरूप नापी महाशाखा (टोपो) मा कार्यरत पूर्व महानिर्देशक ओली लिम्पियाधुरा क्षेत्रको नक्साको विषयमा द्विविधा भएपछि सरकारलाई जानकारी गराएको स्मरण गर्छन् । उनी भन्छन्, 'अहिलेलाई भारतसँग जति सहमति भईसकेको छ त्यतिमै राखेर नक्सा निकाल्नु भन्ने निर्देशन आएको भन्ने जानकारी पाएका थियौं ।'

पूर्व महानिर्देशक ओलीका अनुसार सरकारले त्यतिबेला तत्कालका लागि मात्रै लिम्पियाधुरा क्षेत्र नक्सामा नराख्ने मनशाय देखाएको बुझिन्थ्यो । कतिपयले दरबारकै निर्देशनमा नाभी, गुञ्जी, कुटी लगायतका नेपाली गाउँहरु भारतफर्फ पार्ने गरी लिम्पियाधुरा नक्सामा नराख्न तयार भएको आरोप लगाउँदै आएका छन् ।

नेपालले चुच्चो बिनाको नक्सा प्रकाशन गर्ने बेलामा वीरेन्द्र राजा भईसकेका थिए । त्यस हिसाबले राजा वीरेन्द्रको पालामा नक्सा प्रकाशन गर्दा चुच्चो भाग हटेको देखिन्छ ।

२०३० देखि २०३२ सालसम्म प्रधानमन्त्री थिए, नगेन्द्रप्रसाद रिजाल । त्यतिबेला यो प्रकरणमा रिजालको प्रत्यक्ष भूमिका थियो/ थिएन भन्ने नखुलेको उनका मन्त्रीमण्डलका एक सदस्य बताउँछन् ।

२०५५ सालमा गठित सीमा अतिक्रमण प्रतिरोध समितिका सदस्य ह्रिरण्यलाल श्रेष्ठ भने रिजाल प्रधामन्त्री भएका बेला नेपालको नक्साबाट चुच्चे भाग हट्नुलाई संयोग मात्रै मान्न तयार छैनन् । 'पञ्चायतका प्रधानमन्त्रीहरु मध्ये सबैभन्दा कमजोर प्रधानमन्त्री रिजालको पालामा लिम्पियाधुरा क्षेत्र नक्साबाट हटेको देखिन्छ, यो संयोग नभई भारतको योजनाबद्ध काम हो' श्रेष्ठ भन्छन् ।

४० हजार हेक्टरको चुच्चो

सुगौली सन्धिले सीमा नदी निर्धारण गरेको काली नदी पूर्वका नाभी, कुटी, गुञ्जी लगायतका भूभाग नेपालको नक्सामा नपरेपछि भारतलाई अतिक्रमण गर्न सजिलो भएको देखिन्छ । यद्यपि नेपालको नक्साभित्रै भूभाग पनि अतिक्रमण गर्न भारतले छोडेको छ ।

शनिबार प्रतिनिधिसभाबाट अनुमोदन भएको नक्सा भन्दा पहिलाकै नक्सा भित्रको करिब ६ हजार हेक्टर (कालापानी क्षेत्रमा मात्रै) नेपाली भूमि भारतले अतिक्रमण गर्दै आएको छ । खासगरी लिपुखोला भन्दा पूर्वको सानो खोल्सालाई काली दाबी गर्दै कालापानी, लिपुलग्न क्षेत्रमा पहिलाकै नक्साभित्रको भूभागमा पनि भारतले कब्जा जमाएको देखिन्छ । लिम्पियाधुरा, कालापानी, लिपुलेक क्षेत्रमा भारतले ३९ हजार ५०० हेक्टर भूभाग अतिक्रमण गरेको जानकारहरु बताउँछन् । उनीहरु नक्साको चुच्चो भागमा करिब ३९५ वर्गकिलोमिटर नेपाली भूमि पर्ने बताउँछन् ।

यो क्षेत्रमा सिमा विवाद रहेको भारत स्वयमले समेत स्विकारीसकेको छ ।

थियो नेपालको नक्सामा चुच्चो भाग

जनता समाजवादी पार्टीका वरिष्ठ नेता राजेन्द्र महतोले प्रतिनिधिसभामा भने, 'कालापानी, लिपुलेक, लिम्पियाधुरासहितको नक्सा नेपालको नक्सामा थियो, ५८ वर्ष पहिले । त्यो त हाम्रो जमिन छँदै थियो नि । कुन देश बेचुवाले बेच्यो । देश बेचुवाको खोजी हुनुपर्‍यो, नेपाली जनताले त्यो पनि खोजिरहेको छ ।'

वीरेन्द्र राजा र नगेन्द्रप्रसाद रिजाल प्रधानमन्त्री भएका बेला प्रकाशित नक्सामा चुच्चो भाग नराख्न ककसले भारतलाई साथ दिए ? खोजीको विषय हो । तर नेता महतोले भने जस्तै नेपालको नक्सामा लिम्पियाधुरा सहितको चुच्चो भाग भने अवश्य थियो ।

सन् १८४० मा 'दि सिभिल एण्ड मिलिटिरी स्टेसन्स' द्वारा प्रकाशित नक्सामा लिम्पियाधुरा सहितको नेपालको चुच्चो नक्सा देख्न सकिन्छ । यो नक्सामा कुटी लगायतका गाउँहरु नेपालमै देखाइएको छ ।

त्यस्तै, सन् १८५७ मा 'विलियम एच आलन एण्ड कम्पनी'ले प्रकाशित गरेको 'म्याप अफ दि वेस्टर्न प्रोभिन्सेस् अफ हिन्दुस्तान, दि पञ्जाब, राजपुताना, सिन्धे, काबुल एण्ड कम्पनी' शीर्षकको नक्सामा पनि लिम्पियाधुरा मुहान भएकै कालीलाई अन्तराष्ट्रिय सिमाना नदी भन्ने उल्लेख छ । यसमा पनि कुटी गाउँ नेपालमै देखाइएको छ । अर्थात् यो नेक्सामा पनि चुच्चो भाग छ ।

सुगौली सन्धिले अन्तर्राष्ट्रिय सिमाना निर्धारण गरेको नदी लिम्पियाधुरा मुहान भएकै काली हो भन्ने उल्लेख भएका नक्साहरु त भारतले नै दर्जनौं पटक प्रकाशित गरिसकेको छ । अनलाइनबाट

# हत्या आरोपमा चार पक्राउ

चिप्लेढुङ्गा । आइतबार मृतावस्थामा फेला परेका २० वर्षीय अमित रसाइलीको हत्या आरोपमा प्रहरीले चार जनालाई पक्राउ गरेको छ । कास्की प्रहरीले आज गरेको पत्रकार सम्मेलनमा प्रहरी प्रमुख दानबहादुर कार्कीले घटनाको प्रारम्भिक अनुसन्धानबाट अमितकै साथीबाटै उनको हत्या भएको जानकारी दिनुभयो । पक्राउ पर्नेमा सुनम गुरूङ, शंकर सुनार, मनीष श्रेष्ठ र कृष्ण सुनार छन् । प्रहरी उपरीक्षक कार्कीका अनुसार गत जेठ ३१ गते पोखरा -२९ पट्नेरीका युवाले नयाँ बाइक किनेको खुशीयालीमा खानपिनमा रमाउँदै गर्दा मदिराले लट्ठ परेका रसाइलीमाथि साथीहरूले नै हेल्मेट र ढुङ्गा प्रहार गरेपछि मृत्यु भएको थियो । त्यसपछि शव लुकाउने क्रममा उनलाई तिनले नजीकै सेती नदीमा बगाइदिएका थिए ।

राष्ट्रिय अखण्डता, सामाजिक मर्यादा भेदभाव रहित सत्यतथ्य सूचनाको सम्प्रेषण गरी शान्ति प्रवर्द्धनमा अग्रसर हुनु हामी सबैको कर्तब्य हो ।

नेपाल सरकार
सञ्चार तथा सूचना प्रविधि मन्त्रालय
सूचना तथा प्रसारण विभाग

# वाग्मतीको बजेट रु ५१ अर्ब सार्वजनिक

हेटौँडा । वाग्मती प्रदेश सरकारले आगामी आर्थिक वर्ष २०७७/७८ को नीति तथा कार्यक्रम कार्यान्वयन गर्नका लागि कूल रू ५१ अर्ब ४२ करोड ७४ लाख ९४ हजारको बजेट प्रस्तुत गरेको छ । प्रदेशका आर्थिक मामिला तथा योजनामन्त्री कैलाशप्रसाद ढुंगेलले अघिल्लो वर्षभन्दा झण्डै रू चार अर्ब बढी बजेट प्रस्तुत गर्नुभयो । प्रदेशले अघिल्लो वर्ष रू ४७ अर्ब ६० करोड बजेट प्रस्तुत गरेको थियो ।

कूल बजेटमध्ये चालुतर्फ रू २६ अर्ब २८ करोड ७३ लाख ३५ हजार अर्थात् ५१.१२ प्रतिशत र पूँजीगततर्फ रू २५ अर्ब १४ करोड १ लाख ५९ हजार अर्थात् ४८.८८ प्रतिशत विनियोजन गरिएको छ । आगामी आर्थिक वर्षका लागि अनुमान गरिएको खर्च व्यहोर्ने स्रोतमध्ये कर राजस्वतर्फ रू २० अर्ब ८३ करोड ७९ लाख, अन्तरसरकारी अनुदानतर्फ रू १७ अर्ब ८६ करोड ९८ लाख, अन्य राजस्वतर्फ रू. ५ अर्ब १२ करोड ९७ लाख र राजस्व बचततर्फ रू सात अर्ब ५० करोड प्राप्त हुने अनुमान गरिएको छ ।

बजेट प्रस्तुत गर्दै मन्त्री ढुंगेलले आव २०७६/७७ मा प्रदेशको कुल सरकारी खर्च विनियोजनको तुलनामा ६२.६४ प्रतिशत अर्थात् रू २९ अर्ब ८२ करोड ८५ लाख हुने संशोधित अनुमान गरिएको जानकारी दिनुभयो । उहाँका अनुसार प्रदेश सरकारको चालु आवमा राजस्व परिचालन लक्ष्यका तुलनामा रू ६ अर्ब ४१ करोड ५१ लाख न्यून भई रू १६ अर्ब ३७ करोड ९७ लाख हुने संशोधित अनुमान गरिएको छ जुन लक्ष्यको तुलनामा ७१.८६ प्रतिशत छ ।

मन्त्री ढुंगेलले विकास आयोजना छनोट तथा कार्यक्रम कार्यान्वयनलाई न्यायपूर्ण बनाउँदै प्रादेशिक सन्तुलन कायम गर्नका लागि मानव विकास सूचकांक न्यून भएका स्थानीय तहलाई प्राथमिकता दिइने जानकारी दिनुभयो ।

मन्त्री ढुंगेलले प्रदेशका आयोजनाको पहिचान, छनोट र मूल्यांकन जस्ता कियाकलापलाई तथ्यपरक एवम् मापदण्डमा आधारित बनाउन प्रदेश आयोजना बैंक व्यवस्थापन सूचना प्रणाली तयार गरी सञ्चालनमा ल्याउन अध्ययन गर्ने व्यवस्था मिलाइएको जानकारी दिनुभयो ।

राजस्व परिचालनका नीति प्रस्तुत गर्दै मन्त्री ढुंगेलले कोरोना संक्रमण जोखिमका कारण प्रभावित राजस्व क्षेत्रको पुनरोत्थान हुने गरी करका दरमा समायोजन, छुट तथा सहुलियत प्रदान गर्ने, प्रदेश भित्र रहेका करयोग्य क्षेत्रलाई करको दायरामा ल्याई संरचना तथा दरलाई समयसापेक्ष बनाइने, प्रक्रियागत सरलीकरण र सूचना प्रविधिको प्रयोग बढाई व्यावसायिक, दक्ष र सुदृढ राजस्व प्रशासनको सुनिश्चितता गर्ने, राजस्व चुहावट नियन्त्रण गर्ने, विद्यमान कानूनी व्यवस्थानुसार प्रदेशका कर एवं गैर करका क्षेत्रको अध्ययन गर्न विज्ञसहित कार्यदल गठन गरी प्रदेश सरकारको राजस्वका सम्भाव्य स्रोतको खोजी गर्ने र आव २०७७/७८ का लागि संकलन हुने राजस्वका दरमा संशोधन गर्ने प्रस्तावसमेत प्रस्तुत गर्नुभयो ।

तोकिएको समयमा राजस्व बुझाउन नसक्नेहरूका लागि राजस्व दाखिला गर्न समय थप हुने, पाँच वर्षभन्दा बढी अवधिको सवारी साधन कर नतिरी नवीकरणसमेत नभएका तथा भौतिक अस्तित्वसमेत नरहेको तर कार्यालयको अभिलेखमा रहिरहेका सवारीका धनीले २०७७ साल मंसिर मसान्तसम्म सवारी साधन कर बुझाएमा सोमा लाग्ने दस्तूरको जरिवाना छुट गरिने, प्रदेशभित्र संकलन हुने कर तथा गैरकर राजस्वलाई सूचना प्रविधिमा आधारित प्रणाली विकास गरी सञ्चालन गरिने, यातायात व्यवस्था कार्यालयमा सञ्चालित प्रणालीलाई थप स्तरोन्नति गरी विद्युतीय माध्यमबाट भुक्तानीको अध्ययन अघि बढाइने, मनोञ्जन करको दायरालाई फराकिलो बनाई

सबै स्थानीय तहसँग समन्वय गरी थप प्रभावकारी बनाइने, स्थानीय तहबाट सङ्कलन हुने दहत्तर बहत्तर, ढुङ्गा, चुनढुङ्गा, खरिढुङ्गा, गिट्टी, ग्राभेल, रोडा, बालुवा, माटो आदिको दर तथा दायरा विज्ञ समूहबाट अध्ययन गराई राजस्व संकलनलाई थप प्रभावकारी बनाइने छ ।

गैर कर राजस्वको दायरा विस्तार गर्दै दरलाई समसमायिक बनाइने, प्रदेश र स्थानीय तहको दोहोरो क्षेत्राधिकार रहेका राजस्व बाँडफाँटका सम्बन्धमा पुनरवलोकन गरिने,राजस्व संकलनमा प्रक्रियागत सरलीकरण र सूचना प्रविधिको प्रयोग बढाई राजस्व प्रशासनलाई सक्षम सुदृढ र व्यावसायिक बनाइनेलगायत विषय बजेट वक्तव्यमा उल्लेख छ ।


## आयुर्वेदिक उपचारको पहिलो रोजाइ विकल्प आयुर्वेद हेल्थ सेन्टर प्रा.लि.

***हाम्रा सेवाहरु***

ग्याष्ट्रिय, अल्सर, गानोगोला, जन्डिस, पाइल्स, हातखुट्टा झमझमाउने, दुख्ने, हडडी खिएको, युरिक यसिड, बाथ रोग, दम, खोकी, पिनास, अनिन्द्रा , डिप्रेशन, मृगी प्यारालाइसिस, महिनावारी गडबडी, तल्लो पेट दुख्ने, सेतो पानी बग्ने, पाठेघरको बिना अप्रेशन उपचार, यौन दुर्लवता सिघ्र स्खलन, बाझोपन पिसाब पोल्ने, धातु रोग, प्रोस्टेट, पत्थरी छाला सम्बन्धि रोग, उच्च रक्तचाप, मधुमेह, थाइराइड लगायतका सम्पुर्ण रोगको दक्ष आयुर्वेद चिकित्सकवाट सफल उपचार गरिन्छ ।

**नोटः** यहाँ बिना अप्रेशन क्षारशुत्र विधिद्धारा पाइल्स, फिस्टुला, फिसरको सफल उपचार गरिन्छ । गुणस्तरीय स्वास्थ्य सेवाको एक मात्र ठाउँ

## विकल्प आयुर्वेद हेल्थ सेन्टर प्रा.लि.

**लाइन्स चोक, नारायणगढ, चितवन**

सम्पर्क पैशा नलाग्ने टोल फ्रि नं. १६६०५६५८०००

फोन न. ०५६ : ५७०४६८

फोनवाट पनि नाम दर्ता गर्न सकिने छ ।


# प्रदेश नं ५ को बजेट रु ३६ अर्ब सार्वजनिक

बुटवल । प्रदेश नं ५ सरकारले आर्थिक वर्ष २०७७।०७८ का लागि रु ३६ अर्ब ३५ करोड २५ लाखको बजेट सार्वजनिक गरेको छ । बजेटले कोभिड -१९ ले प्रभावित पारेको अर्थतन्त्रलाई उकास्ने गरी स्वास्थ्य, कृषि, पर्यटन र रोजगारीलाई प्राथमिकतामा राखेको छ ।

आर्थिक मामिला तथा योजना मन्त्रालयको जिम्मेवारीसमेत सम्हाल्नुभएका मुख्यमन्त्री शंकर पोखरेलले आज प्रदेशसभामा प्रस्तुत गर्नुभएको आब २०७७।०७८ को बजेट चालु आवको बजेटभन्दा झण्डै रु पाँच करोडले कम छ । प्रदेश सरकारले चालु आवका लागि अघिल्लो वर्ष रु ३६ अर्ब ४१ करोड ६८ लाखको बजेट ल्याएको थियो ।

प्रस्तुत बजेटको कूल विनियोजनमध्ये चालुतर्फ रू १२ अर्ब ५९ करोड २४ लाख ९८ हजार अर्थात् ३४.६४ प्रतिशतर पूँजीगततर्फ रू १८ अर्ब ६१ करोड ९९ लाख ५२ हजार अर्थात् ५१.२२ प्रतिशत छ ।

यस्तै स्थानीय तह वित्तीय हस्तान्तरणका लागि रू पाँच अर्ब १४ करोड ५० हजार विनियोजन गरिएको छ । वित्तीय हस्तान्तरणको अंश कूल विनियोजित बजेटको १४.१४ प्रतिशत छ ।

## अन्तराष्ट्रिय समाचार

# अर्का अश्वेत व्यक्तिको हत्यापछि अमेरिकामा आन्दोलन

एटलान्टामा एक गोरा प्रहरीले एक अश्वेत व्यक्तिलाई गोली हानी हत्या गरेको भन्दै अमेरिकी शहरहरुमा पुनः हिंसा फैलिएको छ । मिनियापोलिसमा प्रहरी नियन्त्रणमा जर्ज फ्लोएड नामका अश्वेत व्यक्तिको हत्या भएपछि अमेरिकाभर जातीय विषयमा तात्तातो बहस चलिरहेका बेला एटलान्टामा अर्का अश्वेत व्यक्तिको हत्याले धेरैलाई क्रुद्ध बनाएको छ । एटलान्टाका २७ वर्षीय रेसार्ड ब्रुक्सको हत्या नै भएको स्वास्थ्य परीक्षणबाट खुलेपछि अमेरिकी शहरहरुका सडकमा प्रदर्शन हुनुका साथै स्थानीय प्रहरी प्रमुखले राजीनामा गर्नु परेको छ । क्रुद्ध प्रदर्शनकारीले ब्रुक्सको हत्या भएको स्थान नजिकको वेन्डी रेस्टुराँमा आगो लगाइदिएका छन् । ब्रुक्सले यही रेस्टुराँमा जाने बाटोमा कार तेर्स्याएर मानिसको आवतजावतमा अबरोध गरेको भन्दै प्रहरीले उनीमाथि गोली चलाएको थियो ।

एटलान्टाका मेयर केशा लान्स बटम्सले शनिबार पत्रकार सम्मेलन गरी प्रहरी प्रमुख एरिका शिल्ड्सले राजीनामा दिइसकेको घोषणा गर्नु भएको थियो । मेयर बटम्सले प्रहरीले शक्तिको दुरुपयोग गरेको भन्दै क्षमा माग्नु भएको थियो । ब्रुक्समाथि गोली चलाउने प्रहरी अधिकृत ग्यारेट रोल्फलाई सेवाबाट बर्खास्त गरिएको छ ।

फुल्टोन काउन्टीका न्यायाधीवक्ता पल होवार्डले दोषी प्रहरी अधिकृत रोल्फमाथि फौजदारी अभियोग लगाउने वा नलगाउने भन्ने बारेमा चाँडै निर्णय हुने जानकारी दिनुभयो । गत शुक्रबारको यो घटना हुँदा ब्रुक्स आफ्नो कारमा सुतिरहेका थिए । वेन्डी रेस्टुराँमा आवतजावत गर्ने मार्गमा अवरोध गरेको भन्दै उक्त रेस्टुराँले प्रहरीलाई खबर गरेको थियो ।

तत्काल उक्त स्थानमा पुगेको प्रहरी र कारभित्र सुतिरहेका ब्रुक्सबीच भनाभन हुनुका साथै हातपात भएको प्रत्यक्षदर्शीले बताएका छन् ।

भिडियो फुटेजमा दुई जना श्वेत प्रहरीले ब्रुक्सलाई नियन्त्रणमा लिन निकै प्रयास गरेको देखिएको छ । यहीबीच प्रहरीकै हतियार खोसेका ब्रुक्समाथि प्रहरीले आत्मरक्षाका लागि गोली चलाएको प्रारम्भिक अनुसन्धानमा देखिएको छ । तर प्रहरीबाट खोसिएको हतियार घातक नरहेको र त्यसबाट मानिसको मृत्यु नहुने अनुसन्धान अधिकारीहरुले बताएका छन् । प्रहरीसामु अन्य थुप्रै विकल्पहरु हुँदाहुँदै प्रहरीले गोली चलाएको आरोप प्रहरीमाथि लागेको छ ।

# टर्की र सोलोमन द्वीपमा भूकम्प

टर्कीको पूर्वी प्रान्त बिन्गोलमा आइतबार गएको ५.७ म्याग्नीच्यूडको भूकम्पबाट एक व्यक्तिको मृत्यु भएको छ । प्रान्तीय गभर्नरको कार्यालयका अनुसार कार्लिओभा गाउँमा रहेको सुरक्षाकर्मीको निरीक्षण पोस्ट भत्किँदा एक सुरक्षाकर्मीको मृत्यु भएको हो । उद्धार टोलीले अर्का सिपाहीलाई भने जीवितै उद्धार गरेका थिए । टर्कीका उपराष्ट्रपति फुआत ओक्टेका साथै गृह र वातावरण मन्त्रीले भूकम्प प्रभावित क्षेत्रको भ्रमण गरी पछिल्लो परिस्थितिको जानकारी लिनुभएको छ । भूकम्पीय दृष्टिबाट टर्की निकै जोखिममा रहेको मानिन्छ । गत जनवरीमा टर्कीको पूर्वी क्षेत्रमा आएको ६.८ म्याग्नीच्यूडको भूकम्पमा परेर ४० जनाभन्दा बढीको ज्यान गएको थियो ।

यसैबीच, सिन्ह्वाका अनुसार सोलोमोन द्वीपमा सोमबार ५.४ म्याग्नीच्यूडको भूकम्प गएको अमेरिकी भौगर्भिक सर्भेले जनाएको छ । उक्त भूकम्पबाट के कति जनधनको क्षति भयो भन्ने बारेमा विवरण प्राप्त भइनसकेको स्थानीय अधिकारीहरुले बताएका छन् ।

# दिल्लीका रेलहरुमा आइसोलेसन वार्ड बनाइने

दिल्ली राज्यका रेलहरुलाई कोरोना भाइरसको उपचार गर्ने आइसोलेसन वार्डका रुपमा परिणत गरिने भएको यहाँको सरकारले जनाएको छ । दिल्ली सरकारले यहाँको आनन्द विहार स्टेशनका रेलहरुका डिब्बामा आइसोलेसन वार्ड बनाउने बताएको हो । त्यस स्टेनसका रेलहरु सोमबारदेखि बन्द गरिएको छ । दिल्ली सरकारले यो कुराको जानकारी दिएको हो । दिल्ली राज्य सरकारका मुख्यमन्त्री अरबिन्द केजरिवालले सोमबारबाट उक्त क्षेत्रका रेलहरुलाई आइसोलेसन वार्डका रुपमा प्रयोग गरिने जानकारी दिनुभयो ।

स्कोरोना भाइरसको संक्रमण बढ्दै गएपछि भारतले रेल र रंगशालामा आइसोलेसन वार्ड बनाउन थालेको बताइएको छ । यसअघि पनि गत महिना नै भारतीय रेल्वे विभागले २० हजार रेल गाडीलाई मेडिकल सुविधामा परिणत गर्ने काम सुरु गरेको बताएको थियो ।

मुख्यमन्त्री केजरीवालले जवाहरलाल नेहरू रंगशालालाई क्वारेन्टाइन सेन्टर बनाउने बताउनुभएको थियो । रंगशालाहरुलाई पनि क्वारेन्टाइन र उपचार केन्द्र बनाएर विदेशबाट आउने नागरिकलाई त्यहाँ राख्ने निर्णय गरिएको जनाएको थियो ।

सोमबार दिइएको समाचारअनुसार भारतको केन्द्र सरकारले करिब ५०० रेलगाडी दिल्ली सरकारलाई दिने निर्णय भएकोले सो उपलब्ध गराउने जनाइएको छ । यसबाट दिल्लीका करिब ८ हजार विरामीलाई त्यहाँ राखेर उपचार गर्न सकिने छ ।

ती रेलका डिब्बाहरुमा आइसोलेसनका शैयाहरु बनाइएको छ र त्यहीँ अस्पतालको बेडमा जस्तै उपचारको सुविधा पनि रहने छ । जसका कारण यहाँ हजारौं मानिसलाई राख्न सकिने छ । यो निर्णयसँगै त्यहाँ तीन लाख भन्दा बढी मानिसलाई क्वारेन्टाइनमा राख्न सकिने रेलवे विभागले एक विज्ञप्तिमा भनेको छ ।

एक अर्बभन्दा बढी जनसंख्या रहेको भारतमा विगत लामो समयदेखि जारी लकडाउन हाल केही खुकुलो भएको छ । भाइरसको फैलावट रोक्न भन्दै सरकारले भारत बन्द गर्ने निर्णय गरेको थियो । तर यहाँ कारोना भाइरस संक्रमण भने बढेको त्यहाँका अधिकारीले बताएका छन् । अहिलेसम्म भारतमा यो भाइरसका संक्रमितहरुको संख्या तीन लाख नाघिसकेको छ ।

त्यस्तै यो महामारीबाट ९ हजार जनाभन्दा बढीको मृत्यु भएको छ । भारतीय राज्यहरूले भाइरसको सम्भावित प्रकोपसँग जुध्न रेल सेवालाई पनि अस्थायी अस्पताल बनाउन सुरु गरेका छन् । भारतमा कोरोना भाइरसबाट हुने श्वासप्रश्वाससम्बन्धी गम्भीर समस्याको उपचारका लागि आवश्यक भेन्टिलेटर, चिकित्सक तथा आवश्यक औषधि-उपकरणको अभाव भएको बताइएको छ ।


# आफ्नो अधिकार प्रयोग गर्दा अरुको अधिकार प्रति सजग र सचेत हुनु असल नागरिकको कर्तब्य हो ।

नेपाल सरकार

सञ्चार तथा सूचना प्रविधि मन्त्रालय

सूचना तथा प्रसारण विभाग

पुस्तक अंश

# उपन्यासकै लागि परिवारको हत्या

रमेश पौडेल

'जागिर छाड्नुको कारण ?' म फिलोससको मुखमा हेर्दै सोध्छु ।

'लेखन,' ऊ नजिकै रहेको डायरीतिर हेर्दै भन्छ– 'लेख्नकै लागि मैले जागिर छाडेको हुँ ।'

'जागिर खाँदै लेख्न सकिँदैन र ?' अचम्म मान्दै सोध्छु म ।

'अरूले सक्छन् होला ',' अलि अलि हाँस्दै भन्छ ऊ– 'तर मैले चाहिू सकिनँ ।'

'तिमी विवाहित हौ ?' प्रसङ्ग बदल्दै सोध्छु म ।

'हुँ,' यति मात्र भन्छ ऊ ।

'विवाहबारे केही भन्छौ कि ?' प्रसङ्ग कोट्याउँछु म ।

'मैले पाँच वर्षअघि विवाह गरे,' ऊ माथितिर हेर्दै भन्छ– 'विवाह गरेको दुई वर्षपछि छोरो जन्मियो । त्यसको तिन वर्षपछि अर्थात् गत साल पत्नी र छोरो दुबै मरे ।'

कुरा सुनेर लेख्न छाडी ऊतिर हेर्छु म ।

तर उसको अनुहारमा दुःखको कुनै भाव देखिँदैनँ । सायद उसले त्यो शोक पचाइ सक्यो । ऊ बिस्तारै गुनगुन गर्छ । सायद मन्त्र जप्छ ।

'कसरी मरे ?' कारण जान्न चाहन्छु म ।

'उनीहरू मरेका होइनन्,' ऊ मेरो मुखमा टुलुटुलु हेर्दै भन्छ– 'मारिएका हुन् ।'

'के रे ?' विस्मित हुँदै सोध्छु म– 'कसरी मारिए उनीहरू ?'

म उसको मुखमा एकोहोरो हेरि रहन्छु ।

बाहिर एक जना प्रहरी देखिन्छ । ऊ एक छिनसम्म हामीलाई आँखा फुकालेर हेरि रहन्छ । हामी पनि चुपचाप उसलाई हेरि रहन्छौ ।

'छिटो गफ सक्नोस् । कैदीसँग धेरै समय गफ गर्न पाइँदैन' भन्दै प्रहरी जान्छ । हामी मुखामुख गर्छौं ।

'विष खुवाएर,' केही बेरपछि फिलोस भन्छ– 'कसैले विष मिसाएको जुस खुवाएर मार्‍यो उनीहरूलाई ।'

उसको कुरा सुनेर मेरो मन चस्स घोच्छ ।

'कसले ?' म पीडा मिश्रित आवाजमा सोध्छु– 'कसले किन मार्‍यो उनीहरूलाई ?'

'मैले,' भन्छ ऊ ।

म लेख्न छाडेर उसको मुखमा हेर्छु । त्यहाँ जिस्किएको वा त्यसै भनि दिएको जस्तो कुनै भाव छैन । अर्थात् ऊ गम्भीर छ । कुनै प्रश्न सोध्न नसकेर अवाक् बनि रहन्छु म ।

ऊ फेरि भन्छ– 'हो मित्र ! मैले नै मेरा श्रीमती र छोरालाई विष मिसाएको जुस खुवाएर मारेको हुँ ।'

'किन नि ?' हैरानी र आश्चर्य हुन्छ मेरो स्वरमा ।

'लेखन,' ऊ पुनः डायरीतिर हेर्दै भन्छ– 'लेख्नकै लागि मैले मेरा पत्नी र छोरालाई मारे ।'

उसका कुरा सुनेर डायरी र कलम थन्क्याउँछु म । किनभने अबका कुरा लेख्नभन्दा पनि सुन्न ध्यान दिनु पर्ने ठान्छु ।

अहिले सुन्छु अनि घरमा गएर टिपोट गर्छु भन्ने मनसायले सोध्छु म– 'तिमी आफ्ना कुरा अलि विस्तारमा बताउँछौ कि फिलोस ?'

'सुन लेखक !' ऊ पलेँटी मारेर लामो सास फेर्दै भन्छ– 'म एउटा सामान्य मानिस थिएँ । पत्नी, छोरो, जागिर– यति नै मेरो संसार थियो । जागिरको पैसा सधै अपुग हुन्थ्यो– व्यवहार चलाउनका लागि । तर पनि अलि अलि गर्दै बचत गर्ने, भविष्यमा घडेरी किन्ने, त्यसमा आफ्नो डिजाइन अनुसारको घर बनाउने, छोरालाई राम्रो शिक्षा दिने जस्ता सपना देखि रहन्थ्यौ हामी ।'

ऊ कुरा रोकेर नजिकैको बोतलबाट पानी पिउँछ र बोतल मलाई देखाउँछ । म पनि त्यसबाट पानी पिउँछु ।

त्यसपछि ऊ भन्न थाल्छ– 'दुई महिनाअघि मेरो जीवनले ठुलो मोड लियो । कसैले मलाई उपन्यास लेख्ने जिम्मेवारी सुम्पेर गयो । त्यो काम कठिन भए पनि मैले गर्ने पर्थ्यो ।'

'कसले ?' अचम्म मान्दै सोध्छु म ।

'सर्वोच्च मानव समाजका तर्फबाट विज्ञाले,' ऊ भन्छ ।

'कहाँ छ सर्वोच्च मानव समाज ?' म छक्क पर्दै सोध्छु ।

'प्रशान्त महासागरको बिचमा, अन्तरराष्ट्रिय तिथि रेखा र भूमध्य रेखा जोडिएको ठाउँमा,' ऊ भन्छ ।

'वाहियात कुरा नगर फिलोस,' म आपत्ति जनाउँदै भन्छु– 'त्यस ठाउँमा कुनै बस्ती छैन ।'

'म आफू त्यो समाज घुमेर आएको हुँ । अतः त्यहाँ सर्वोच्च मानव समाज छ,' ऊ मलाई विश्वास दिलाउन खोज्छ ।

'नचाहिने कुरा नगर फिलोस ! तिमीले देखेको कुरा वैज्ञानिकहरूले कसरी देखेनन् ? तिमीलाई थाहा भएको कुरा हामीलाई कसरी थाहा भएन ?'

'यस विषयमा विवाद नगरौ लेखक ! तिमी मेरो अन्तर्वार्ता लिन लिन आएको हुनाले यथार्थ बोल्नु मेरो कर्तव्य हो । पत्याउनु नपत्याउनु तिम्रो स्वतन्त्रता हो ।'

फिलोस पक्का पागल भएको ठहर गर्छु म । एकातिर ऊ उपन्यास लेख्नका लागि जागिर छाडेको तथा पत्नी र छोराको हत्या गरेको कुरा गर्छ भने अर्कातिर हुँदै नभएको सर्वोच्च मानव समाजका मानिसले उपन्यास लेख्न लगाएको कुरा सुनाउँछ । अतः पागलसँग विवाद गर्नुभन्दा चुपचाप उसका कुरा सुन्ने निर्णयमा पुग्छु म ।

'तिमी आफ्ना कुरा भन्दै जाऊ,' म आग्रह गर्छु ।

'यसअघि उपन्यास लेख्ने मेरो कुनै रहर थिएन । सर्वोच्च मानव समाजका तर्फबाट विज्ञाले लेख्न लगाएपछि कलम चलाउन बाध्य भएँ । सुरुमा त म कसरी लेख्ने भनेर सारै अप्ठ्यारामा परे । खाँदा, हिँड्दा, बस्दा, पढाउँदा गफ गर्दा लगायत सुत्दा बाहेक जे गर्दा पनि कसरी उपन्यास लेख्ने भन्नेबारे सोच्न थाले । सोचेका कतिपय कुराहरू टिपोट गर्न थाले ।

सुरूतिर बोझ लागे पनि बिस्तारै मलाई लेखनमा रस भिज्दै गयो । केही पछि त म लेखनको व्यसनी नै भएँ ।

मेरो जीवनको यो ऐतिहासिक क्षण थियो । लक्ष्य विहीन भएर भौँतारिइ रहेको मैले सही लक्ष्य भेट्टाएको थिएँ । उपलब्धि विहीन कार्य गरि रहेको मैले उपलब्धि मूलक कार्य थालेको थिएँ । त्यसैले म खुसी थिएँ, उत्साही थिएँ ।

म निरन्तर लेखनमा जुट्न थालूे । परन्तु लेख्ने समय अपुग भयो मलाई । त्यति खेर म एकदमै धेरै सोच्थे । सानो बाधाले पनि मेरो सोचाइको लहर टुट्न सक्थ्यो । त्यसैले सामाजिक सम्पर्कबाट टाढा रहन चाहन्थे म । फलतः मैले मोबाइल स्विच अफ गरे ।

हरेक दिन विद्यालय धाउनु पर्दा लेखनमा बाधा भयो । उपन्यासभन्दा ठुलो कुरा अरु केही थिएन मेरा लागि । अतः मैले जागिर छाडि दिएँ । बाँच्नका लागि जागिर खानै पर्छ भन्ने सोचाइ रहेन मेरो ।

एकाग्र भएर लेखि रहेका बेला छोरो हल्ला गरि दिन्थ्यो, डिस्टर्ब हुन्थ्यो मलाई । पत्नी केही भन्थिन्, डिस्टर्ब हुन्थ्यो मलाई । अतः छोरो सहित केही समय माइत जानका लागि पत्नीलाई आग्रह गरे मैले ।

मैले जति नै आग्रह गरे पनि उनी मानिनन् । विस्तारै हामीबिच झगडा हुन थाल्यो । उपन्यास लेखनमा पत्नी र छोराले पूरै डिस्टर्ब गरेको अनुभव हुन्थ्यो मलाई । अन्ततः मैले दुई मध्ये एक रोज्नु पर्ने अवस्था देखे– या त परिवार या त उपन्यास । सहर्ष छाने मैले– उपन्यास ।

उपन्यास पूरा गर्नका लागि मलाई एकान्त चाहिएको थियो । त्यो एकान्त जस्तो भए पनि स्विकार्थे म ।

एकान्तको खोजी गर्ने क्रममा दिमागलाई चारैतिर दौडाएँ मैले । अन्ततः भेट्टाएँ– जेल । लेखनका लागि जेलभन्दा अर्को एकान्त र स्वतन्त्र ठाउँ देखिनँ मैले ।

त्यसैले एक दिन नजिकैको प्रहरी चौकीमा गएर इन्सपेक्टरसँग भने– 'मलाई जेलमा राखि दिनोस् ।'

'किन ?' सोध्यो इन्सपेक्टरले ।

'म जेलमा बसेर उपन्यास लेख्न चाहन्छु । जेलमा बस्दा जागिर नखाईकन पेट भर्न पाइन्छ । त्यहाँ कसैले डिस्टर्ब पनि गर्दैन, त्यसैले ।'

'यस्ता उडन्ते कुरा नगर्नोस्,' उसले मलाई झपार्दै भन्यो– 'तपाई सद्दे त हुनु हुन्छ ?'

'म अहिलेसम्म सद्दे छु । तर उपन्यास लेख्न पाइनँ भने पागल हुन सक्छु ।'

उसले मानेन, पटक्कै मानेन । अन्ततः निराश भएर फर्किएँ म ।

बाटामा अनेक कुरा सोच्दै आएँ । अहिलेको जमानामा ऋषि मुनि जस्तो जङ्गल पसेर एकान्त खोज्नु सम्भव छैन । फेरि त्यहाँ पनि खानका लागि त केही गर्नै पर्छ । म चाहन्थे– केही नगरी खान पाइयोस् र निरन्तर लेखि रहन पाइयोस् ।

त्यसका लागि उपयुक्त ठाउँ जेल नै भएको निष्कर्ष निकालें : मैले । तर जेलमा बस्नका लागि अपराध गर्नै पर्थ्यो । हो, जेलमा बस्नका लागि अपराध गर्नै पर्थ्यो ।

मिक्सचरमा फलफुल पिसेर जुस बनाएँ, अनि पत्नी र छोरालाई एक एक गिलास दिएँ । उनीहरूले जुस खाइ सकेपछि म प्रहरी चौकी गएँ । त्यही इन्सपेक्टर भेटियो ।

मैले खुसी हुँदै भने– 'इन्सपेक्टर साब ! अब त मलाई जेल हाल्नु हुन्छ होला नि ?'

उसले चकित हुँदै सोध्यो– 'किन ?' 'म मान्छे मारेर आउँदै छु,' मैले मुसुमुसु हाँस्तै भने ।

'कहाँ ? कसलाई ?' उसले आत्तिूदै सोध्यो ।

मसँगै घटना स्थल जान आग्रह गरे मैले ।

अरु दुईतिन जना प्रहरी सहित ऊ र म भ्यानमा चढ्यौ, अनि मैले बताएको ठाउँतिर लाग्यौं । कोठामा पुगेर हेर्दा पत्नी र छोरो मरि रहेका थिए ।

(रमेश पौडेलको उपन्यास 'द सुप्रिम ह्युमन'को एक अंश)




गजल/कविता

## प्रतिबद्धता

मधुश्री

अंजुली भरी यो माटो लिई कसम खानुछ
सन्तान थरी-थरिका मिली संघर्ष गर्नुछ
खराब बृक्ष रोपेछौं अब उखेली फाल्नुछ
विरूवा नयाँ सारेर गल्ति सुधारी जाग्नुछ

बिज्ञान ज्ञान खोज्नुछ बृद्धि उब्जनि कृषिमा
श्रमको पूजा गर्नुछ सुन फुलौँन धर्तीमा
गोरेटो आफैं खन्नुछ नयाँ मिलेर हिड्नुछ
पहाड फोड्दै पुरेर खाल्डो समान पार्नुछ

बनमा फुल्ने फक्रिने जडिबुटीको साथमा
स्वच्छ र सफा वातावरण पौरख हातमा
उद्योग धन्दा खोल्नुछ श्रम देशमै गर्नुछ
हारेर भाग्नु हुँदैन मिली जँघार तर्नुछ

बिहान उठ्छ लालीमा जोस अठोट बोकेर
हिड्नुछ दिन थाक्दैन कतै समय रोकेर
चटकी बनी खेल्दछ हामी साथमा खेल्नुछ
पेल्नुछ भ्रष्ट प्रवृद्धि यहाँ झमेला झेल्नुछ

रोकिन्न गती उर्जाले हामी फेर्नेछौं मुहार
कठिन पल काट्नेछौं आफैं नमागी गुहार
पूर्खाले हार्न जानेनन् आज हामीले जित्नुछ
खटिरा माटो बिगार्ने सबै मिलेर किच्नुछ ।

**के छ अस्तित्व के हुन्छ र अमूल जीवन**
**भाचिएको बैसाखीमा छ स्थुल जीवन**

**कसरी तर्नु साउनको भेल बर्षातको**
**छ कगजको डुद्रा चर्केको पुल जीवन**

**नसुगन्ध वतासमा न भुनभुन भमराको**
**नओइलिने थुङगा कागजकै फूल जीवन**

**सुकेको पात झैं उड्दै जान्छ हलुको बन्दै**
**उराठ लाग्दो पतझडमा ब्याकुल जीवन**

**छैन जून कहाल लाग्दो निष्पट्ट अंधकारै**
**अहोरात्र घोच्दछ बनी तिक्ष्ण शुल जीवन**

डा. जेवि पाठक
**शितल होमियोप्याथिक फार्मेसी**
लायन्सचोक, नारायणगढ

हामीकहाँ विशेष गरी विना अप्रेशन पाईल्स, फिस्टुला, शरीरमा भएको ट्युमर, मूसा (Warts), मृगौलाको पत्थरी, एवं बाथ, दम, ग्यास्ट्रीक, अल्सर, टन्सिल, बारम्बर रुघाखोखी लागि राख्ने, कपाल झर्ने, महिलाहरुको महिनावारी समयमा नहुने, सेतो पानी बग्ने, एवं छाला सम्बन्धी विविध रोगहरुको सफलतापूर्वक उपचार गरीन्छ ।

(विरामी जाँच्ने समय : विहान ११ वजे देखि साँझ ६ वजेसम्म)

## कालापानी......

सीमा क्षेत्रमा थप ११४ निगरानी चौकी स्थापना गर्ने निर्णय गरेको थियो । विगतमा ५८ जिल्लामा मात्र रहेको सशस्त्र प्रहरी बलको उपस्थितिलाई हाल ७७ जिल्लामा विस्तार भइसकेको छ । विसं २०७४ को अन्त्यसम्म ८७ वटा रहेको बिओपीलाई २२१ सम्म विस्तार गर्ने योजनाअनुहार हाल १३० सञ्चालनमा ल्याइएको छ । उत्तरी सीमातर्फ संखुवासभाको किमाथांका, दार्चुला छाङ्रु, मुस्ताङ्गको नेचुङ्गमा नयाँ बिओपी स्थापना भएका हुन् । हुम्लाको नाम्खाको हिल्सा र बैतडीको पञ्चेश्वरमा चाँडै बिओपी उद्घाटन गरिने खनालले बताउनुभयो ।

सङ्घीय संसद्बाट पारित आगामी आर्थिक वर्षको नेपाल सरकारको नीति तथा कार्यक्रममा ७० ठाउँमा बिओपीका लागि भौतिक पूर्वाधार निर्माण गर्ने उल्लेख छ भने सोका लागि रु ७० करोड बजेट विनियोजन गरिएको छ ।

सीमा सुरक्षासहित विभिन्न १४ कार्यादेश पाएको सशस्त्र प्रहरीले साङ्गठनिक पुनःसंरचना गर्दै चालू आवमा २२१ बिओपी स्थापनाको लक्ष्य लिएको छ भने क्रमशः यसलाई विस्तार गरी दीर्घकालमा ५०० सम्म बनाउने योजना अघि सारेको छ । यसरी विस्तार गर्दा सीमा सुरक्षामा १९ हजारसम्म सुरक्षाकर्मी खटाउनुपर्ने देखिएको छ । यसका लागि करिब १० हजार जनशक्तिको दरबन्दी थप्न बलले नेपाल सरकारसँग आग्रह गरेको छ ।

सीमा क्षेत्रमा थप १ सय १४ वटा बिओपी निर्माण गर्न नेपाल सरकारबाट स्वीकृति प्राप्त भएकामध्ये २३ वटा स्थापना भइसकेको र अन्य स्थापनाको क्रममा रहेको बलले जनाएको छ ।

सीमा सुरक्षासँगै राजश्व वृद्धि सीमामा हुने लागू औषधको कारोवार, चोरी, निकासी र पैठारी रोकेर राजश्व चुहावट रोक्न सशस्त्र प्रहरीले योगदान गरिरहेको छ । चालू आवको गत माघसम्ममा १३० बिओपीका कारण रु ६२ करोड ७६ लाख राजश्व सङ्कलन भएको छ । प्रति नौ किलोमिटरमा बिओपी राख्न थालिएपछि सुरक्षाकर्मीले पैदल गस्ती गर्न पनि सहज भएको छ ।

नेपाल र भारतका सशस्त्र प्रहरीको गत वर्ष पोखरामा सम्पन्न संयुक्त बैठकको सहमतिअनुसार दुई देशका २० सीमा नाकामा सहयता कक्षा स्थापना गर्दा दुवैतर्फ अपराध र चोरी पैठारी घटेको छ । दुई देशकै सहमतिमा सीमाका विभिन्न ५४ स्थानमा सर्भिलेन्स (सिसी क्यामरा) जडान गर्ने कार्य पनि भइरहेको छ । सहायता कक्षले दुवैतर्फ सीमा मिचिएमा पनि एकापसमा सूचना आदान प्रदान र सहजीकरण गर्नेछ । तेस्रो मुलुकका नागरिक प्रवेशाज्ञा विना आवागन गरेमा पनि रोकावट हुनेछ । चीनसँग जोडिएका नाकामा पनि यही प्रबन्ध गरिएको छ ।

बिओपीलाई समय समयमा प्रधान कार्यालयबाट पनि अनुगमन हुने गरेको छ भने बाहिनी, गण हुँदै गुल्मले आवश्यक निर्देश गर्दै आएका छन् ।


महानिरीक्षक खनालले बलले कोरोना महामारीका सन्दर्भमा नागरिकलाई सुसूचित गराउन हालसम्म ३६ स्थानमा हेल्थ डेस्क स्थापना गरेको र नेपाल एपिएफ अस्पतालमा एक आइसियु सेवासहित छ वटा शचया आइसोलेशनका लागि तयारी अवस्थामा राखिएको जानकारी दिनुभयो ।


खनालले नेपाल सरकारको ‘समृद्ध नेपाल, सुखी नेपाली’ को राष्ट्रिय आकाङ्क्षालाई सार्थक तुल्याउन आवश्यक शान्ति सुरक्षा र सुशासनको वातावरण निर्माण गरी भ्रष्टाचारमुक्त समाज निर्माणमा आफूहरु प्रतिबद्ध रहेको स्पष्ट गर्नुभयो ।

## बन्दाबन्दी.......

गरेको थियो । टेकुस्थित सवारी परीक्षण केन्दमा थोरै कर्मचारी भएकाले सबै जना कार्यालयमा आएका छन् । जम्मा १६ कार्यरतमध्ये दुई जना उपत्यका बाहिर रहेकाले १४ जना कार्यालयमा उपस्थित भएको प्रमुख मणिराम भुषालले बताउनुभयो । कार्यालयमा सबै कर्मचारी उपस्थित भए पनि आवश्यक दूरी कायम गर्दै स्वास्थ्य सावधानी अपनाइएको उहाँको भनाइ छ । बन्दाबन्दीको अवधिमा पनि थोरै कर्मचारी आउने गरेकामा आजबाट सबै उपस्थित भएका हुन । कर्मचारीमध्ये कोही आफ्नै सवारीसाधनमा र कोही कार्यालयका सवारीमा त नजिकै बसाइँ भएका कर्मचारी हिंडेर आएका छन् । उहाँले भन्नुभयो, “जसलाई जे गर्दा सजिलो हुन्छ हामीले त्यसरी नै मिलाएका छौं ।” ललितपुर महानगरपालिकाका प्रमुख प्रशासकीय अधिकृत प्रेमप्रसाद भट्टराईले नियमित सेवा सञ्चालनको पहिलो दिन नै सेवाग्राहीको भीड लागेको बताउनुभयो । सरकारको निर्णयानुसार दुई सिफ्टमा कर्मचारी आएर सेवा दिइरहेको उहाँले बताउनुभयो । बन्दाबन्दीका समयमा पनि राहत वितरण, कोभिड(१९ को परीक्षणलगायतका काम भइरहेकाले सेवा दिइरहेको छ । अहिले नियमित सेवाका लागि सबै कर्मचारीलाई बोलाइएको उहाँले बताउनुभयो । महानगरले कर्मचारीले आपसमा र सेवाग्राहीसँग पनि दूरी कायम गरेर सेवा दिन थालेको छ । उहाँले भन्नुभयो, “भीडभाड भएकाले हामीले सकेसम्म दूरी कायम गरेर सेवा दिइरहेका छौं ।” राष्ट्रिय मानवअधिकार आयोगले बन्दाबन्दीको समयमा पनि उजूरी दर्ता गर्ने र त्यसको सुनुवाइ गर्दै आएको थियो । त्यस अवधिमा आवश्यकतानुसार मात्रै कर्मचारी आउने गरेका थिए ।




जनआकाश मिडिया प्रा.लि.का लागि प्रकाशक: द्रोणबहादुर बस्नेत, प्रधान सम्पादक, मोहन कार्की ९८६१५८८४५६,९८५१०८७१५६ कम्प्युटर: जनआकाश डेस्कटप
प्रधान कार्यालय, बागबजार, काठमाडौं, ०१–४१६७५७८, E-mail: jana.news2065@gmail.com, मुद्रण: सुप्रिम प्रिन्टिङ्ग प्रेस